# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १२८ | काठमाडौं | शनिबार, १३ भदौ २०८३ | Prabhab National Daily | Saturday, 29 August 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


# समन्वय अभावले उद्धारमा ढिलाइ

## सरकारको भर सेनामै, स्रोत अभावकाबीच खटिएको प्रहरी छायामा, स्थानीय तहसँग छैन समन्वय

डाटा चलेपछि सामाजिक सञ्जाल हेर्दा प्रधानमन्त्रीको पोस्ट पढेँ । हाम्रो क्षेत्रबाट हेर्दा संघीय सरकार आकाश र सामाजिक सञ्जालमा देखिन्छ ।

**माधव अर्याल**
अध्यक्ष, उत्तरगया गाउँपालिका, रसुवा

ठाउँ नै यस्तो छ त के गर्ने ? ल्याण्डिङ गर्ने ठाउँ कही छैन । च्यालेञ्जिङ छ ।

**सुधन गुरुङ**
गृहमन्त्री

राहत तथा उद्धार कार्यको प्रत्यक्ष नेतृत्व र समन्वयलाई प्रभावकारी बनाइएको छ । माननीय गृहमन्त्रीज्यू स्वयं प्रभावित जिल्लामा स्थलगत रूपमा उपस्थित भई सुरक्षा निकाय, स्थानीय प्रशासन, स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गर्दै आवश्यक निर्देशन दिइरहनुभएको छ ।

**वालेन्द्र शाह**
प्रधानमन्त्री



**भोटेकोशी बाढीका कारण रसुवास्थित जलविद्युत् आयोजनाको सुरुङभित्र फसेका व्यक्तिको शुक्रबार उद्धार गर्दै नेपाली सेना ।**
*तस्बिर सौजन्य: राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** विपद्को समयमा सरकारले 'फ्रन्टलाइन'मा खटाउने फौज हो, सशस्त्र प्रहरी । बुधबार भोटेकोशी बाढीका कारण भएको ठूलो क्षतिपछि उद्धारमा सशस्त्रका फौज सामाजिक सञ्जालतिर देखिँदैन ।

जनतासँग प्रत्यक्ष जोड्न अर्को फौज हो- नेपाल प्रहरी । नेपाल प्रहरी आफ्नो स्रोतसाधनले भ्याएसम्म उद्धारमा खटिरहेको देखिन्छ । सशस्त्र र नेपाल प्रहरीको तालुकदार मन्त्रालय हो, गृह । तर, गृह मन्त्रालयको कमाण्ड सम्हालेका सुधन गुरुङ सैनिक ब्यारेकमै सीमित देखिन्छन् ।

विपद्पछि उद्धार तथा पुनर्स्थापना कार्यमा अनुभवी दुई फौजलाई छायामा राखेर सेनाको ब्यारेकमा गृहमन्त्री गुरुङ देखिनु आफैंमा लाचारीपन भएको सुरक्षाविद्हरू बताउँछन् । सरकारले विपद्पछि उद्धारदेखि सबै कार्य सेनाको तीन ब्यारेकमा सीमित गरेको छ ।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकार सेनामाथि भर परेर बस्दा उद्धारमा निकै ढिलासुस्ती भइरहेको भन्दै चौतर्फी आलोचना सुरु भएको छ । बेपत्ताका आफन्त नुवाकोटको सदरमुकाम विदुरमा रहेको सैनिक ब्यारेकमा असन्तुष्टि पोख्दै भन्छन्, 'बाढीको ७२ घण्टासम्म पनि किन उद्धार गर्न किन सकिरहेको छैन ?'

ब्यारेकभित्र बसेर गृहमन्त्री उल्टै प्रश्न गर्छन्, 'ठाउँ नै यस्तो छ त के गर्ने ? ल्याण्डिङ गर्ने ठाउँ कहीँ छैन । च्यालेन्जिङ छ ।'

गृहमन्त्री गुरुङको गैरजिम्मेवारपूर्ण जवाफले जोकोहीलाई आक्रोशित बनाउँछ । गृहमन्त्री आफैंले आफू मातहातको निकायलाई अधिकार दिएर बाढीग्रस्त क्षेत्रमा पूर्णअधिकार दिएर नखटाउँदा तीन दिन बित्दा पनि न त उद्धारको काम पूर्णरूपमा हुन सकेको छ न त शव व्यवस्थापन नै गर्न सकेको छ । नागरिकले प्रत्यक्षरूपमा प्रहरीसँग उद्धारका लागि गुहार माग्छ ।

क्रमशः पृष्ठ २ मा

### शुक्रबार बेलुकासम्मको अपडेट

| | |
|---|---|
| फेला परेका शवको संख्या | ५७९ |
| घाइते तथा अन्य उद्धार गरिएको संख्या | ४,४५१ |
| सम्पर्कविहीनको संख्या | १,९२४ |
| सम्पर्कविहीन प्रहरी कर्मचारी | २७ |
| उद्धारमा परिचालित सुरक्षाकर्मी संख्या | १५,४३१ |
| घाइते | १०१ |

*स्रोत: राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण*

# भोटेकोशी बाढीसँगै हराएका आफन्तको खोजीमा भौतारिँदै



■ **प्रकाश सिलवाल**

**काठमाडौं–** 'सायद उहाँहरू रसुवागढी नाकाबाट अध्यागमन पार गरेर चीनतर्फ जाने तयारीमा हुनुहुन्थ्यो । नाका पार गरेर चीनतर्फ पुग्नुभयो या भएन अहिलेसम्म केही थाहा छैन । यही भदौ ९ गते बुधबार गते बिहान ८:१५ बजेयता कुनै सम्पर्क हुन सकेको छैन ।'

आफ्ना ससुरा शशीभूषण यादव र सासु रीता रानीसहित १७ जनालाई आफैंले भदौ ८ गते मंगलबार साँझ तीर्थयात्राका लागि काठमाडौंको सोह्रखुट्टेबाट बस चढाएका इञ्जिनियर प्रदीप यादवले चिन्तित मुद्रामा भने, 'धेरैतिर सोधखोज गरिसकियो, कुनै जानकारी आएको छैन । घरपरिवारमा अन्योल र त्रास उत्पन्न भएको छ । भगवान्सँग प्रार्थना गरिरहेका छौं कि उहाँहरू सकुशल फर्कनु हुनेछ ।'

सर्लाहीको सुखचयनाका दम्पती शशिभूषण र रीतासहितको मानसरोवर तीर्थयात्रा हिँडेको १७ जनाको टोलीलाई लिएर जाने बसका चालक र सँगै गएका 'काठमाडौं होलिडे टुर एन्ड ट्राभल्स'का प्रतिनिधिसँग पनि अहिलेसम्म सम्पर्क हुन सकेको छैन । तीर्थयात्रामा हिँडेको टोलीमात्र होइन, अन्य कामका सिलसिलामा रसुवागढी पुगेका र भन्सार नाकामा रहेर भाग्न नसकेकाहरू पनि सम्पर्कविहीन हुन पुगेका छन् ।

> भोटेकोशी नदीको तीव्र बहाव र कठिन भौगोलिक अवस्थाका बाबजुद पनि सैनिक टोलीले निरन्तर रूपमा शव फेला पार्ने र संकलन गर्ने कार्यलाई अघि बढाइरहेको छ । खोज, उद्धार र राहतका लागि नेपाल प्रहरीले चार हजार २०० र सशस्त्र प्रहरी बलले एक हजार ८४५ सुरक्षाकर्मी परिचालित छन् । उद्धारमा नेपाली सेनाको छ र निजी क्षेत्रका नौ गरी १५ हेलिकोप्टर परिचालन गरिएको छ ।

यही दुःखद् परिवेशमा आफ्नै गाडीमा रसुवागढी नाका पुगेका काठमाडौंको सुन्दरीजल, आलपोट निवासी वर्षीय अर्जुन नगरकोटी र लक्ष्मण श्रेष्ठ पनि बेपत्ता भएका छन् । चीनबाट सामान ल्याएर नेपालमा व्यवसाय गर्ने उनीहरूको पनि कुनै सम्पर्क स्थापित हुन सकेको छैन । आफ्ना बहिनीज्वाइँ अर्जुन नगरकोटीसँग तीन दिनदेखि सम्पर्क नहुँदा परिवारमा तनाव बढेको नगरकोटीका श्रीमतीका दिदी उर्मिला तण्डुकारले बताइन् ।

'समय जति बित्दै जान्छ, उति अन्योल र तनाव बढ्दै गएको छ । सोधखोज गर्नुपर्ने सबै ठाउँमा बुझिसकियो । कतैबाट सकारात्मक सन्देश आएको छैन,' लामो श्वास तान्दै तण्डुकारले भनिन्, 'के गर्ने, कसो गर्ने, बहिनीलाई कसरी सम्झाउने केही सोच्न सकिएको छैन ।'

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# बाढी प्रभावित क्षेत्रबाट वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई मनोसामाजिक परामर्श दिँदै बोर्ड




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भोटेकोशी बाढीका कारण वैदेशिक रोजगारीमा गएका श्रमिकलाई पर्न सक्ने मानसिक असरलाई मध्यनजर गर्दै वैदेशिक रोजगार बोर्डले मनोसामाजिक परामर्श दिने भएको छ । श्रमिकहरूमा आफ्नो परिवारको अवस्था र सुरक्षाको विषयलाई लिएर पर्नसक्ने असरबारे परामर्श दिइने जनाइएको छ ।

बोर्डले रोजगारीमा गएका प्रभावित क्षेत्रका श्रमिकलाई पर्नसक्ने तनावलाई ध्यानमा राख्दै इच्छुक श्रमिकले परामर्श लिनसक्ने भन्दै सूचना जारी गरेको छ । परामर्श लिन चाहनेहरूले बोर्डले सार्वजनिक गरेका दुईवटा नम्बरमा सीधै कल गर्न सक्ने छन् । साथै, ह्वाटस्एप, भाइबर र इमोमार्फत पनि सम्पर्क गर्न सकिने जनाइएको छ । रोजगारीमा रहेका श्रमिकका लागि बोर्डले टेलिमेडिसिन सेवा पनि दिँदै आएको छ ।

बुधबार बिहान अकस्मात आएको बाढीका कारण मुलुकले ठूलो जनधनको क्षति व्यहोरेको छ । संकटको घडीमा रोजगारीमा रहेका श्रमिकहरूले आफूले सक्ने सहयोग रकम पठाउनुका साथै घटनाप्रति चासो र चिन्ता व्यक्त गरेको अवस्था छ ।

कतिपय नेपाली दूतावासहरूले श्रमिक कार्यरत कम्पनीमा सन्देश पठाउँदै प्रभावित जिल्लाका नेपाली कामदारलाई तलब नकाट्नेगरी बिदा, आवश्यक परे घर जाने टिकटसहितको आकस्मिक बिदा, परिवारसँग कुरा गर्न सञ्चारको सुविधा, सम्भव भएसम्म आर्थिक सहयोग र जागिरको सुरक्षा गरिदिन अनुरोधसमेत गरेका छन् । घर परिवारको तनावले काम गर्न नसक्ने अवस्थामा कम्पनीले सहकार्य नगरे दूतावासमा सम्पर्क गर्न मलेसियालगायतका दूतावासले श्रमिकहरूलाई आग्रह गरेका छन् ।

# मलेसियामा आप्रवासन नियम उल्लंघन गर्ने ५२८ विदेशी श्रमिक पक्राउ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मलेसियाले विभिन्न आठवटा निर्माण क्षेत्रमा गरेको देशव्यापी संयुक्त निरिक्षणका क्रममा विभिन्न मुलुकका ५२८ जना विदेशी श्रमिक पक्राउ परेका छन् । आप्रवासन नियमको उल्लंघन गरेर पक्राउ पर्नेहरूमा नेपालीहरूसमेत रहेको जनाइएको छ ।

अपरेशन 'सासर' नामबाट चिनिने यस अभियान तीन दिनसम्म सञ्चानल गरिएको मलेसियन सञ्चारमाध्यम 'न्यु स्ट्रेट टाइम्स'ले जनाएको छ । सो अभियामा आप्रवासन विभाग, राष्ट्रिय दर्ता विभाग, प्रहरी, राष्ट्रिय लागुऔषध नियन्त्रण संस्था र मलेसियन समुद्री प्रवर्तन एजेन्सीका ४१४ जना अधिकारीहरू संलग्न रहेको जनाइएको छ ।

सो क्रममा कूल ६७८ जनामाथि निरीक्षण गरिएको भनिएको छ । जसपश्चात् आप्रवासन कानुनसम्बन्धी विभिन्न अपराधमा संलग्न ५२८ जना विदेशी पक्राउ परेको समाचारमा उल्लेख छ । पक्राउ परेकाहरूमा ४५० जना पुरुष र ७९ जना महिला रहेका बताइएको छ । जसमा चार जना नेपाली छन् भने २४५ जना बंगलादेशी, ११९ जना इण्डोनेसियाली, १०० जना म्यानमारका नागरिक, २३ जना भारतीय र ३७ जना अन्य मुलुकका रहेको जनाइएको छ ।

समाचारका अनुसार कतिपय विदेशी कामदारको उपस्थिति र गतिविधिले स्थानीय समुदायमा चिन्ता बढाएको भन्ने सार्वजनिक गुनासो आएकाले अभियान सञ्चालन गरिएको आप्रवासन विभागले जनाएको छ । यस अभियानले आप्रवासन कानुन लागू गर्ने र नियम उल्लंघनको अवस्था अध्ययन गर्ने विभागले जनाएको छ ।

पक्राउ परेकाहरूसँग आधिकारिक कागजात नभएको, पास सर्तहरू उल्लंघन गरेको, अवैधरूपमा बसोबास गरेको र आप्रवासन ऐनविपरीतका कार्डहरू राखेको पाइएको भनिएको छ । पक्राउ परेकाहरूलाई अनुसन्धान र थप कारबाहीका लागि देशभरका आप्रवासन नियन्त्रण केन्द्रहरूमा राखिएको जनाइएको छ ।

मलेसिया नेपालीहरूको आकर्षक रोजगार गन्तव्यमा पर्छ । तर पछिल्लो समय मलेसिया रोजगारीको मागपत्र न्यून हुँदा करार अवधि सकिएका श्रमिकहरू म्याद थप गरेर बस्नुका साथै 'ओभर स्टे' समेत गर्ने गरेको बताइन्छ ।

# ३६ देशका ६२२ पर्यटक सम्पर्कविहीन, १२१ को उद्धार

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** रसुवाको भोटेकोशीमा बुधबार गएको बाढीपछि ७४३ जना पर्यटक सम्पर्कविहीन भएकामध्ये हालसम्म १२१ को उद्धार गरिएको छ । अझै ६२२ पर्यटक सम्पर्कविहिन रहेका नेपाल पर्यटन बोर्डले जानकारी दिएको छ ।

पर्यटन बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत (सिइओ) हिक्मतसिंह ऐरले विभिन्न कम्पनीमार्फत गोसाइँकुण्ड र कैलाश मानसरोवर गएका ६२२ पर्यटक अझै सम्पर्कविहिन भएका जानकारी दिए । उनका अनुसार नेपालका १४९, भारतका ९८, अमेरिकाका ६५, युक्रेनका ६१, मलेसियाका ५१, चीनका आठ जना तथा अस्ट्रेलिया, बेलायत, क्यानडा, लाटभियालगायत ३६ देशका पर्यटकसहित ६२२ जना सम्पर्कविहीन भएका हुन् ।

प्रमुख कार्यकारी अधिकृत ऐरले भारतका ८५, चीनका १६, दक्षिण कोरियाका नौ, अमेरिका, रुसका र इटालीका दुई/दुई तथा बेल्जियम, पोर्चुगल, स्पेन, बुल्गेरिया र स्विजरल्याण्डका एक/एक जनाको उद्धार गरिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, पर्यटक प्रहरी र अन्य पर्यटनसम्बन्धी सरोकार भएका निकायले प्रभावित क्षेत्रमा रहेका पर्यटकको खोजी र उद्धार कार्यलाई तीव्रता दिएका छन् । घाइते र अलपत्र परेकालाई सुरक्षित स्थानमा ल्याउन आवश्यक प्रयास भइरहेको बोर्डले जनाएको छ ।

## जलविद्युत् आयोजनाको सुरूङबाट १९१ जनाको उद्धार

**काठमाडौं (प्रस)–** रसुवास्थित भोटेकोशीमा आएको भीषण बाढीका कारण भोटेकोशी र त्रिशूलीमा निर्माणाधीन जलविद्युत् आयोजनाको सुरुङमा फसेका १९१ जनाको शुक्रबार उद्धार गरिएको छ । सुरुङमा फसेका ती इञ्जिनियर, प्राविधिक र मजदुरलाई नेपाली सेनाको टोलीले उद्धार गरी हेलिकप्टरमार्फत सुरक्षित स्थानमा सारिएको हो ।

सेनाले शुक्रबार बिहानदेखि अपराह्नसम्म रसुवाको टिमुरे, स्याफ्रुवेशी, मैलुङलगायत इलाकाबाट ५६ जना विदेशीसहित ९०० जनाको उद्धार गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

यही भदौ १० गतेदेखि हालसम्म स्थल र हवाई साधनमार्फत दुई हजार १०१ जनाको उद्धार गरेको छ । काठमाडौंबाट त्रिशूलीसम्म स्थलमार्ग र हेलिकप्टरबाट राहत सामग्री ढुवानी गरिएको सेनाले जनाएको छ ।

सेनाले स्थापना गरेको आपत्कालीन उपचार केन्द्र त्रिशूलीमा ४५६ र धुञ्चेमा १०५ गरी जम्मा ५६१ जनालाई शुक्रबार स्वास्थ्य सेवा प्रदान गरेको छ । ती केन्द्रबाट शुक्रबारसम्म एक हजार ७०६ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको सेनाले जनाएको छ ।

प्रभावित जिल्लामा करिब छ हजार ७०० भन्दा बढी फौज खटिई समन्वयात्मक रूपमा घाइतेको खोज तथा उद्धार कार्य, आपत्कालीन उपचार तथा राहत सामग्री वितरण भइरहेको सेनाले जानकारी दिएको छ ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## समन्वय अभावले...

तर प्रहरी आफैं भने हेलिकप्टर व्यवस्थापन गर्न नसक्दा लाचार देखिन्छ। खासगरी यो व्यवस्था गृहमन्त्री गुरुङले गर्नुपर्ने जानकारहरू बताउँछन्। तर सरकार आफैं सेनामै भर परेर बसेको देखिन्छ।

सरकारले सेनाबाहेक अरु सुरक्षा निकायको कामै नभएजसरी प्रचार गरिरहेको भन्दै सर्वसाधारणले असन्तुष्टि पोख्न सुरु गरेका छन्। 'नेपाली सेनाबाहेक अरूको भूमिका केही छैन भनेजसरी प्रधानमन्त्री कार्यालयबाट किन प्रचार भइरहेको होला ? कि यो सामग्रीको उत्पादन प्रधानमन्त्री कार्यालयमा भएको हैन होला ? नेपाली सेनाको जस्तै गरी इमान्दार भएर सशस्त्र प्रहरी र नेपाल प्रहरीले पनि विपद् व्यवस्थापनमा काम गरिरहेको हामीले देखिरहेकै छौं,' नुवाकोटका एक स्थानीयले भने।

सरकारले प्रहरीसँगमात्र हैन स्थानीय तहसँगसमेत समन्वय नगर्दा विपद्पछिका काम छिटोछरितो गर्न निकै सकस परिरहेको छ। बाढीबाट सबैभन्दा बढी प्रभावितमध्येको रसुवाको उत्तरगया गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्यालले सरकारले समन्वय नै नगरेको भन्दै आक्रोश पोखेका छन्। 'खोलाको किनारमा ५०औं शव देखिन्छ, परिवारका सदस्यहरूले पहिचान गरेका शवहरू दाहसंस्कार गर्न फिल्डमा रहेका प्रहरीसँग समन्वय गर्दा माथिको आदेशबाहेक केही गर्न मिल्दैन भन्ने जवाफ पाइन्छ,' अध्यक्ष अर्यालले शुक्रबार सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्।

प्रहरीले सामान्य सुरक्षाबाहेक अरु केही काम गर्न नपाएको अर्यालको भनाइ छ। प्रधानमन्त्री शाह सामाजिक सञ्जालमा देखिएको र हेली आकाशमा उडेकोबाहेक आफूले संघीय सरकारको आभाष गर्न नपाएको अर्यालले बताएका छन्। 'बाढीका कारण ठूलो संख्यामा सुरक्षाकर्मी बेपत्ता हुनुहुन्छ। बाँकी रहनुभएको कालिकास्थानको इन्स्पेक्टरसहित पाँच/छ जना जवान खानापानी बेगर खटिरहनुभएको छ। माथिको आदेश चाहिन्छ भन्दै सामान्य सुरक्षा दिने कामबाहेक केही गर्न सक्नुहुन्न,' अध्यक्ष अर्यालले भनेका छन्, 'डाटा चलेपछि सामाजिक सञ्जाल हेर्दा प्रधानमन्त्रीको पोस्ट पढेँ, हाम्रो क्षेत्रबाट हेर्दा संघीय सरकार आकाश र सामाजिक सञ्जालमा देखिन्छ। मैले अघि नै भनेँ केही क्षेत्रमाबाहेक विपद्को अवस्थामा जनताले अनुभूति गर्नेगरी कुनै काम भएको छैन।'

गृहमन्त्री गुरुङको सचिवालयबाट आफूलाई पटक-पटक फोनमार्फत राजनीति नगर्न चेतावनी आएको उनको भनाइ थियो। 'आवाज उठाउन नपर्ने स्थिति सिर्जना गर्नुस्। हामी सरकार भएको अनुभूति गर्नेछौं,' गृह मन्त्रालयको सचिवालयलाई यसरी जवाफ फर्काएको अर्यालले बताए।

प्रधानमन्त्री शाहले भने गृहमन्त्री गुरुङको नेतृत्वमा प्रभावित जिल्लामा समन्वय भइरहेको दाबी गरेका छन्। 'राहत तथा उद्धार कार्यको प्रत्यक्ष नेतृत्व र समन्वयलाई प्रभावकारी बनाइएको छ। माननीय गृहमन्त्रीज्यू स्वयं प्रभावित जिल्लामा स्थलगतरूपमा उपस्थित भई सुरक्षा निकाय, स्थानीय प्रशासन, स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गर्दै आवश्यक निर्देशन दिइरहनुभएको छ,' शुक्रबार साँझ फेसबुकमा स्टाटस लेख्दै प्रधानमन्त्री शाहले भनेका छन्।

### विश्वभरबाट जुट्दै राहत

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछिको राहत र पुनर्स्थापनाका लागि सरकारको खातामा सहयोग जुट्ने क्रम जारी छ। प्रधानमन्त्री राहत कोषमा शुक्रबार बेलुकी साढे ६ बजेसम्म चार अर्ब ३८ करोड रूपैयाँ संकलन भएको अर्थ मन्त्रालयले जानकारी दिएको छ। यसैगरी विदेशी मुद्रातर्फ थप छ लाख ८० हजार ६१८ अमेरिकी डलर (करिब १० करोड ३८ लाख रूपैयाँ) जम्मा भएको जनाइएको छ।

छिमेकी मुलुक भारत र चीनदेखि अमेरिका, बेलायत, दक्षिण कोरिया, युरोपेली संघ, संयुक्त राष्ट्रसंघ, विश्व बैंक, संयुक्त अरब इमिरेट्स (युएई) तथा अन्तर्राष्ट्रिय मानवीय संस्थाहरूले राहत घोषणा गरेका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलेसमेत सकेको सहयोग गर्ने बताएका छन्। तत्कालका लागि अमेरिकाले पनि पाँच लाख अमेरिकी डलरबराबरको सहयोग उपलब्ध गराउने घोषणा गरेको छ। साथै अमेरिकी सरकारले नेपालमा विपद् प्रतिक्रिया सल्लाहकार पठाउने जनाएको छ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री वालेन्द्र शाहसँग फोनवार्ता गर्दै विपद्प्रति दुःख व्यक्त गर्नुका साथै नेपाललाई सम्भव सबै मानवीय सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाएका थिए। भारतले तत्काल राहत सामग्री पठाउने जानकारी नेपाललाई दिएको थियो।

२७ अगस्टसम्म भारतले करिब ५० मेट्रिक टन राहत सामग्री नेपाल पठाइसकेको छ। यसमा अस्थायी आवासका सामग्री, कम्बल, सरसफाइ सामग्री, बत्ती तथा औषधि समावेश छन्। पछिल्लो विवरणअनुसार भारतले ४७.५ टनभन्दा बढी सामग्री नेपाललाई हस्तान्तरण गरिसकेको छ। साथै, आवश्यकता परे बेली ब्रिज र प्रिफचाब ट्रस ब्रिज उपलब्ध गराउने प्रस्ताव पनि भारतले गरेको छ। भारत सरकारले टनेल रेस्क्यू टिमसमेत नेपाल पठाउने भएको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले बाढीबाट प्रभावित जलविद्युत आयोजनाका सुरुङमा फसेकाहरूको उद्धार गर्न टोली पठाउन लागेको बताएका हुन्।

उत्तरी छिमेकी चीनले पनि तत्काल सहयोगको प्रतिबद्धता जनाएको छ। चिनियाँ राजदूतले नेपाललाई आपत्कालीन सामग्री र नगद सहयोग उपलब्ध गराउने प्रक्रिया अघि बढाइएको जानकारी दिएका छन्।

दक्षिण कोरियाले प्रारम्भिक टोली नेपाल पठाइसकेको छ भने थप विपद् राहत टोली पठाउने जनाएको छ। साथै, अन्तर्राष्ट्रिय संस्थामार्फत १० लाख अमेरिकी डलर बराबरको मानवीय सहायता उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ। बेलायतले पाँच मिलियन पाउण्डबराबरको सहयोग घोषणा गरेको छ। बेलायती प्रधानमन्त्री एण्डी बर्नहमले नेपालमा आपत्कालीन उद्धार तथा प्रतिक्रिया जनशक्ति पठाउने प्रस्तावसमेत गरेका छन्। 'अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट महासंघ (आइएफआरसी)' ले नेपाल रेडक्रसको बाढी प्रतिकार्यका लागि १० लाख स्विस फ्र्यांक आपत्कालीन रकम जारी गर्ने घोषणा गरेको छ।

एसियाली विकास बैंक (एडिबी) ले भोटेकोशी र त्रिशूली नदी प्रणालीमा आएको बाढीबाट प्रभावितहरूको तत्काल उद्धार तथा राहतका लागि ५० लाख अमेरिकी डलर अनुदान दिने भएको छ। एडिबी अध्यक्ष मासातो कान्दाले विपद्का बेला सहयोग पर्खन नसक्ने भन्दै प्रभावित परिवारलाई तत्काल खाद्यान्न, सुरक्षित पानी, आश्रय र औषधि उपलब्ध गराउन अनुदानले सहयोग गर्ने बताएका छन्। युएईले १० मिलियन अमेरिकी डलर अर्थात् एक अर्ब ५३ करोड नेपाली रूपैयाँ सहयोग गर्ने घोषणा गरेको छ।

■■■

## भोटेकोशी बाढीसँगै ...

आफूहरूलाई अहिले उनीहरू कहाँ कस्तो अवस्थामा छन् भन्ने जानकारीमात्रले ठूलै राहत मिल्ने अपेक्षा गर्नु र सकुशल घर फर्कन्छन् भन्ने आशा राख्नुबाहेक अरू विकल्प नभएको उर्मिलाको भनाइ छ।

भारतीय पर्यटकलाई लिएर कैशाल मानसरोवर यात्रामा गएका चिकित्सकद्वय डा. आयुश अधिकारी र डा. कुशल आचार्य पनि बाढी आएकै दिनदेखि सम्पर्कविहीन छन्। उनीहरूको परिवारसँग अन्तिम सम्पर्क भदौ ९ गते बिहान ८:४५ मा भएको र त्यसपछि कुनै सम्पर्क नभएको डा. आयुशकी आमा शान्ता अधिकारीले बताइन्।

तीर्थयात्रामा हिँडेका काठमाडौंको चन्द्रागिरि नगरपालिका-७ का २३ वर्षीय श्रीकान्त कार्की पनि बाढी आएको दिनदेखि सम्पर्कविहीन भएकाले परिवारले खोजीका लागि पहल गरिदिन आग्रह गरेको छ। चीनको केरुङस्थित एक कार्यक्रमका लागि निस्किएका राससकर्मी कालिका खड्काका पति पत्रकार टेकराज थामी पनि हालसम्म सम्पर्कविहीन छन्। उनको खोजी र पहलका लागि नेपाल पत्रकार महासंघ, सम्बन्धित सञ्चारमाध्यम र परिवारले आफ्नोतर्फको पहललाई जारी राखेका छन्।

रसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण नुवाकोट र रसुवाको विभिन्न स्थानमा फसेका आफ्ना मान्छेको खोजीका लागि पहल गरिदिन प्रदीप यादव र तण्डुकारजस्ता धेरै आफन्तहरू नुवाकोटको विदुरस्थित श्री नं १ सैन्य तालिम केन्द्र परिसरमा बिहीबारदेखि नै हराएकाहरूको नाम र विवरण टिपाउन लाम लागेका छन्। ती आफन्तहरूले नेपाल र चीनका दुवैतिरका सम्बन्धित निकाय र सम्भावित सहज हुने केन्द्रहरूमा सम्पर्कविहीनहरूको बारेमा जानकारी लिने प्रयास गरिरहेका छन् तर आशाका संकेतहरू नभेटिँदा परिवारका सदस्यमा मन भारी हुनु स्वभाविकै हो।

रसुवा क्षेत्रबाट हराएको जनकपुरका अजय सिंहकी श्रीमतीले सामाजिक सञ्जालबाट रुँदै 'न श्वास फेला परेको छ, न लास' भनेर बिलौना गरेको भिडियो सार्वजनिक भएको छ। गोसाइँकुण्ड तीर्थयात्रामा निस्किएका गोरखाको पालुङटार नगरपालिकाका सागर देवकोटासहित ३० जनाको टोलीसँग पनि हालसम्म सम्पर्क हुन सकेको छैन। पालुङटार नगरपालिकाले उनीहरूको तस्बिरसहितको विवरण सार्वजनिक गरेर खोजीका लागि आग्रह गरेको छ। उनीहरू बुधबार बिहान ८:५० बजे नुवाकोटाको लेन्देखोला आसपासबाट सम्पर्कविहीन भएको नगरपालिकाका प्रमुख विवस चिन्तन र उपप्रमुख वन्दना पाण्डेद्वारा जारी सूचनामा जनाइएको छ।

भोटेकोशी नदीमा आएको अप्रत्यासित तथा अकल्पनीय बाढीका कारण तीर्थयात्रीहरूको अवस्था अज्ञात बनेपछि खोजी तथा उद्धारका लागि सम्बन्धित सुरक्षा निकाय, स्थानीय तह तथा सरोकारवाला निकायसँग आवश्यक समन्वय भइरहेको नगरपालिकाले जनाएको छ। सम्पर्कविहीन यात्रुहरूको खोजी तथा उद्धारका लागि निरन्तर समन्वय र सहकार्य भइरहेको भन्दै नगरपालिकाले आधिकारिक तथा प्रमाणित सूचना नियमितरूपमा सार्वजनिक गर्ने योजना बनाएको छ। संयोगवश तीर्थयात्रामै हिँडेको सो पालिकाको अर्को टोली भने रसुवाको धुञ्चेमा रोकिएर सुरक्षित रहेको जानकारीले राहत मिलेको छ।

नुवाकोटको विदुर नगरपालिकाकी उपप्रमुख प्रभा बोगटीका अनुसार पालिकाको वडा नं ७ सोलेका ६० जना, सिपीटारका १० जना, वडा नं १० बेत्रावती र भैँसेका २० जना र वडा नं १ ढुंगोका ४० जना गरेर १४० जना हराइएको जानकारी प्राप्त भएको छ। बेपत्ताहरूको खोजीका लागि बाढीग्रस्त क्षेत्रमा स्थानीय तह आफैं जान नसक्ने र संघीय सरकारबाट पनि ठोस रणनीति बनिनसकेको उपप्रमुख बोगटीको भनाइ छ।

रसुवाको उत्तरगया गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्यालले हराएकाहरूको उद्धार र खोजीका लागि सरकारलाई आफूहरूले गरेको आग्रहअनुसार काम हुन नसक्दा शव संकलन कार्य पनि हुन नसकेको गुनासो गरे। उनले भोटेकोशी नदीमा पुनः जलसतह बढ्ने र खतरा हुन सक्ने सूचना स्थानीयवासीमा त्रास उत्पन्न भएको बताए। सो गाउँपालिकाका कम्प्युटर इञ्जिनियर जनक आचार्य बाढी आउने पूर्वसूचनाको माइकिङ गर्दागर्दै बेपत्ता भई साँझ मृत फेला परेका थिए।

आचार्यका आफन्त बाल अधिकारकर्मी तिलोत्तम पौडेलले आफूहरू रसुवा पुगेर ज्वाइँको अन्त्येष्टि गरिएको र भाञ्जाको सकुशल उद्धार गरिएको तर हराएका अन्य कर्मचारी र स्थानीयवासीको पत्तो नहुँदा गाउँमा त्रास देखिएको बताए। पुनः बाढी आउने सूचनाले खोज, उद्धारमा पनि असर परेको पौडेलको भनाइ छ।

श्री नं १ सैन्य तालिम केन्द्रमा अहिलेसम्म करिब पाँच जनाभन्दा बढी हराएकाहरूको विवरण उपलब्ध गराइएको छ। केन्द्रमा नपुगी अन्य सम्पर्कका माध्यमबाट पनि उनीहरूको परिवार तथा आफन्तले सुरक्षा निकायलाई खोजतलासका लागि औपचारिक र अनौपचारिकरूपमा अनुरोध गरेका गऱ्यै छन्।

परिवारजनले तीर्थयात्री टोलीको तत्काल खोजी गरी उनीहरूको अवस्थाबारे जानकारी सार्वजनिक गर्न सम्बन्धित निकायसँग आग्रह गरिरहेका छन्। हराएकाहरूको मोबाइल सम्पर्क हुन नसकेपछि आफन्तहरू थप चिन्तित बनेका छन्। कतिपय आफन्तले रुँदै-चिच्याउँदै सामाजिक सञ्जालबाट हारगुहार गरिरहेका छन्। हराइरहेकाहरूको खोजी तथा अवस्थाबारे यथार्थ जानकारी लिन स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित निकायबीच समन्वय आवश्यक देखिएको आफन्तहरूको भनाइ छ।

विनाशकारी बाढीपछि बेपत्ता भएका नागरिकहरूको खोजी तथा शव व्यवस्थापन (रिकभरी) मा ढिलाइ भएको भन्दै जनस्तरबाट आइरहेको गुनासोलाई सम्बोधन गर्दै नेपाली सेनाले आफ्नो 'अपरेसन'लाई थप तीव्र बनाएको छ। शव संकलन तथा खोजी कार्य ढिलो भन्दै उठेका गुनासोहरूलाई गम्भीरताका साथ लिँदै सेनाले विशेष टोली परिचालन गरी धमाधम शव संकलन गरिरहेको छ।

बाढीले तल्लो तटीय क्षेत्रसम्म बगाएर ल्याएका शवहरूको खोजी तथा संकलनका लागि रसुवादेखि चितवनसम्मको नदी तटीय क्षेत्रमा शुक्रबार थप एक हजार २०० सैनिक जनशक्ति परिचालन गरिएको जनाइएको छ। प्रधानमन्त्री वालेन्द्र शाहको सचिवालयका अनुसार नेपाली सेनाले प्रभावित क्षेत्रका साथै त्रिशूली र नारायणी नदी किनारका सम्भावित सम्पूर्ण स्थानहरूमा आफ्ना जनशक्तिलाई टोलीगत रूपमा खटाएर संकलन कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि बढाएको छ।

यसअघि सेनाले प्रभावित नागरिकहरूको उद्धार, राहत तथा अस्थायी व्यवस्थापनका लागि एक हजार ६०० जनशक्ति खटाएको थियो। बाढी प्रभावित क्षेत्र तथा तटीय इलाकामा उद्धार, राहत र शव संकलनका लागि परिचालन हुने नेपाली सेनाको कूल संख्या दुई हजार ८०० पुगेको जनाइएको छ।

भोटेकोशी नदीको तीव्र बहाव र कठिन भौगोलिक अवस्थाका बाबजुद पनि सैनिक टोलीले निरन्तर रूपमा शव फेला पार्ने र संकलन गर्ने कार्यलाई अघि बढाइरहेको छ। खोज, उद्धार र राहतका लागि नेपाल प्रहरीले चार हजार २०० र सशस्त्र प्रहरी बलले एक हजार ८४५ सुरक्षाकर्मी परिचालित छन्। उद्धारमा नेपाली सेनाको छ र निजी क्षेत्रका नौ गरी १५ हेलिकोप्टर परिचालन गरिएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पछिल्लो विवरणअनुसार उक्त बाढीबाट ९७७ सम्पर्कविहीन रहेका छन्। त्यसमध्ये नेपाल प्रहरीका २८, नेपाली सेनाका ४५, सशस्त्र प्रहरी बल नेपालका १३, रसुवागढी भन्सार कार्यालयका १५, अध्यागमन कार्यालयका चार, रसुवा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट प्राप्त १६१ र नुवाकोट जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट प्राप्त एक, मकवानपुर जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट प्राप्त ६६, सम्पर्कविहीन विदेशी नागरिक ५१७ र नेपाल घुम्न आएका विदेशमा बस्ने नेपाली १२७ जना रहेका छन्।

नेपाली सेनासहित सुरक्षा निकायको समन्वयमा हालसम्म रसुवा, नुवाकोट, धादिङ, गोरखा, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, तनहुँ र चितवनमा गरी ४६९ को शव संकलन भइसकेको छ। प्राधिकरणले बेपत्ताहरूको विवरण संकलन र खोजीका लागि एक प्रणाली सञ्चालनमा ल्याएको छ तर भीषण बाढीको भेलमा परेकाहरूको सहजै पत्ता लाग्न कठिन भइरहेको छ। विपद्को यस संवेदनशील अवस्थामा अपुष्ट सूचना, अफवाह वा अनुमानका आधारमा सामाजिक सञ्जालमा सामग्री सम्प्रेषण नगर्न तथा आधिकारिक निकायबाट प्राप्त प्रमाणित सूचनामात्र प्रकाशन तथा सेयर गर्न सरकार र पीडितका आफन्तहरूको आग्रह रहेको छ। *रासस*

■■■

## जलविद्युत्...

आज शनिबार नदी किनारामा शव खोजतलास तथा व्यवस्थापनमा सहयोग, आपत्कालीन उपचारको निरन्तरता, मैलुङ, टिमुरे र स्याफ्रुबेशी इलाकामा खोज उद्धार कार्यलाई निरन्तरता दिइने सेनाले जनाएको छ। बाढी प्रभावित क्षेत्रमा रहेका टनेलमा सम्पर्कविहीन व्यक्तिहरूको खोज तथा उद्धार र अवरुद्ध सडक सञ्चालनमा ल्याउन सैन्य शक्ति परिचालित हुने छ।

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, १३ भदौ, २०८३

| | |
|---|---|
| मेष | काममा उत्साह बढ्नेछ। आर्थिक पक्ष सुधारिनुका साथै नयाँ अवसर प्राप्त हुन सक्छ। |
| वृष | रोकिएका काम अघि बढ्नेछन्। परिवारबाट सहयोग मिल्नेछ र खर्चमा भने ध्यान दिनु राम्रो हुनेछ। |
| मिथुन | नयाँ सम्पर्कबाट लाभ मिल्न सक्छ। बोलीमा संयम राख्दा सम्बन्ध अझ राम्रो बन्नेछ। |
| कर्कट | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ। पारिवारिक वातावरण सुखद रहनेछ। |
| सिंह | जिम्मेवारी बढे पनि काम सफलतापूर्वक पूरा गर्न सकिनेछ। आर्थिक लाभको सम्भावना छ। |
| कन्या | नयाँ योजना सुरु गर्न अनुकूल दिन छ। साथीभाइ तथा सहकमीबाट सहयोग प्राप्त हुनेछ। |
| तुला | व्यापार तथा रोजगारीमा सकारात्मक परिवर्तन आउन सक्छ। अनावश्यक विवादबाट टाढा रहनु राम्रो। |
| वृश्चिक | आत्मविश्वास बढ्नेछ। महत्वपूर्ण निर्णय गर्दा हतार नगर्नुहोस्। |
| धनु | यात्रा वा नयाँ कामको अवसर मिल्न सक्छ। आर्थिक कारोबारमा सावधानी अपनाउनु उचित हुनेछ। |
| मकर | कार्यक्षेत्रमा प्रतिष्ठा बढ्नेछ। मेहनतअनुसार सफलता र आर्थिक लाभ प्राप्त हुने सम्भावना छ। |
| कुम्भ | नयाँ अवसरले उत्साह बढाउनेछ। पुराना समस्या समाधान हुँदै जानेछन्। |
| मीन | मनमा रहेको अन्योल कम हुनेछ। परिवारको साथ र सहयोगले महत्वपूर्ण काम पूरा गर्न सहज हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१३ भदौ, २०८३ (२९ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५२.३७ | १५२.९७ |
| युरो | १ | १७७.७४ | १७८.४४ |
| पाउन्ड स्टिर्लङ | १ | २०७.६० | २०८.४१ |
| स्विस फ्रैन्क | १ | १८९.५३ | १९०.२७ |
| अस्ट्रेलियन डलर | १ | १०९.४२ | १०९.८५ |
| क्यानाडियन डलर | १ | १०९.८८ | ११०.३२ |
| सिङगापुर डलर | १ | ११९.९८ | १२०.४५ |
| जापानी येन | १० | ९.५८ | ९.६२ |
| चिनियाँ युआन | १ | २२.६७ | २२.७६ |
| साउदी अरब रियाल | १ | ४०.५८ | ४०.७४ |
| कतारी रियाल | १ | ४१.८० | ४१.९६ |
| थाई भाट | १ | ४.६५ | ४.६७ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.४८ | ४१.६५ |
| मलेसियन रिङेट | १ | ३७.८४ | ३७.९९ |
| दक्षिण कोरियन वन | १०० | ११.०० | ११.०४ |
| स्विडिस क्रोनर | १ | १६.०६ | १६.१२ |
| डेनिस क्रोनर | १ | २३.७८ | २३.८७ |
| हङकङ डलर | १ | १९.४४ | १९.५१ |
| कुवेती दिनार | १ | ४९६.५६ | ४९८.५२ |
| बहराइन दिनार | १ | ४०४.१६ | ४०५.७५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।



रसुवाको भोटेकोशीमा गत बुधबार आएको बाढीमा परी बेपत्ताका आफन्तहरू काठमाडौंको महामहाराजगञ्जस्थित शिक्षण अस्पतालको प्रहरी सहायता केन्द्रमा नाम टिपाउँदै । *तस्बिरः रासस*



रसुवाको भोटेकोशी नदीमा आएको बाढीको कारण प्रभावित भएका नुवाकोट र रसुवाको विभिन्न ठाउँको अस्थायी क्याम्पमा रहेका प्रभावित बासिन्दालाई वितरणका लागि संकलन गरिएको राहत सामग्री । *तस्बिरः रासस*

# राष्ट्रिय विपत्तिले खल्लो भयो जनैपूर्णिमा

**काठमाडौं–** शुक्रबार देशभर नयाँ जनै (यज्ञोपवीत) एवं रक्षाबन्धन धारण गरेर जनैपूर्णिमा पर्व मनाइयो । वैदिक परम्पराअनुसार जनैलाई ब्रह्मसूत्र अथवा ज्ञानको धागोका रूपमा पनि सम्मान गर्ने गरिन्छ । शुक्रबार पूर्णिमाका दिन रक्षाबन्धन बाँध्न र नयाँ जनै फेर्न बिहानैदेखि काठमाडौंमा पशुपतिनाथदेखि अन्य मठमन्दिर परिसर, पवित्र नदी किनार र देशभरका देवालयहरूमा भक्तजनको भीड लाग्ने गर्छ ।

यस दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले स्नान गरेर गुरु पुरोहितबाट रक्षा सूत्र बाँध्ने प्रचलन छ । तागाधारीले गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको यज्ञोपवीत एवं डोरो (रक्षासूत्र) धारण गरेमा नकारात्मक तत्त्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास रही आएको छ । यसै दिन ११ थरिका गेडागुडी मिसाइ भिजाएर टुसा उमारेर बनाइएको क्वाँटी खाने प्रचलन पनि छ । क्वाँटीको पनि धार्मिक तथा आयुर्वेद शास्त्रीय मान्यता छ ।

तर, जनैपूर्णिमा र क्वाँटी खाने यस पर्वमा यसपालि कतै उल्लास भने छाएन । बरु यतिखेर दुई दिनअघि रसुवा जिल्लाको भोटेकोशीमा अकस्मात आएको बाढीले पुऱ्याएको क्षतिका कारण देशैभरि शोक छाएको छ । यसकारण अघिल्ला वर्षहरूमा जस्तो यो वर्षको जनैपूर्णिमा पर्वमा कुनै रौनक देखिएको छैन । पर्व मनाउन आफन्तकहाँ जानेहरूलाई पनि बाढीले बाटो बिगारिदिएका कारण आवतजावतमा कठिनाइ भएको छ ।

कीर्तिपुर बस्ने शोभित अर्याल सधैंजस्तै यस वर्ष जनैपूर्णिमा पर्वमा आफ्नो घर चितवन जान पाएनन् । बुबाआमा भेट्न र पर्व मनाउन सधैं चितवन जाने वर्षौंदेखिको निरन्तरता यस वर्ष रोकिएको जानकारी दिँदै उनी भन्छन्, 'पहिलो कुरा त बाढीले पारेको बिचल्ली देखेर मन बेचैन भयो र जान मन लागेन । अर्को कुरा पृथ्वी राजमार्ग बिग्रिएका कारण पनि जान सकिएन ।' यस वर्ष पूर्णिमाका दिन शुक्रबार परेकाले त्यसपछिको लगातार तीन दिन बिदा मनाएर सोमबारमात्र कार्यालय जाने योजनामा रहेका धेरै कर्मचारी तथा अन्य नागरिक घरबाट निस्कनै पाएनन् ।

बुधबार बिहान ८:४५ तिर चीनतर्फबाट लेन्दे खोलामा आएको बाढी रसुवागढी हुँदै नेपाल छिरेपछि त्यसले ल्याएको विपत्तिले देश शोकमग्न बनायो । उक्त विपत्तिपछि शुक्रबार साँझ ५५० भन्दा बढी नागरिकको ज्यान गइसकेको छ भने अरू सयौं जना सम्पर्कविहीन छन् । सो बाढीले रसुवाका रसुवागढी, स्याँफ्रुबेसी, टिमुरे हुँदै यता नुवाकोट जिल्लाका त्रिशूली, बेत्रावती, देवीघाट आदि स्थानमा रहेका बस्तीमा ठूलो क्षति पुऱ्याएको छ । यसबाट धेरै परिवार घरबारविहीन भए भने कयौं घाइते भएका छन् ।

जनैपूर्णिको यो तिथि वैदिक सनातन धर्मावलम्बीहरू रसुवाको गोसाइँकुण्ड नुहाउन जाने समय पनि हो । यो याममा त्यहाँ लगभग देशैभरिका जिल्लाका नागरिक पुग्ने गर्दछन् । यही समय पारेर स्थानीय संघसंस्था एवं तीर्थस्थलसँग सरोकार रहेकाहरूले गोसाइँकुण्डमा मेलाको पनि आयोजना गर्ने गर्दछन् ।

यसकारण पनि त्यहाँ धेरैजना तीर्थयात्री एवं मेला भर्न जाने नागरिकहरू परेको अनुमान गरिएको छ । बिहीबारदेखि नै गोसाइँकुण्ड नुहाउन पुगेका नागरिकहरू हराएका सूचनाहरू आउन थालेका छन् । यसले पनि शुक्रबारको पर्व देशैभरि खल्लो बनाएको छ ।



उता, अर्को तीर्थस्थल मानसरोवर जाने याम पनि यही रहेको र पछिल्लो समय रसुवागढी हुँदै त्यसतर्फ जाने तीर्थयात्रीहरूको संख्या बढ्दै गएकाले उनीहरू पनि बाढीको चपेटामा परेका अनुमान गरिएको छ । यसरी गएका यात्रुहरू के कति मात्रामा थिए भन्ने कुराको जानकारी नभएको र समाचारमा आएअनुसार रसुवागढी क्षेत्रमा तथ्यांक राख्ने कार्यालय नै बाढीले बगाइ दिएकाले हराएका व्यक्तिको संख्या यकीन हुन सकेको छैन ।

उक्त बाढीले अहिलेसम्म के कति भौतिक सम्पत्तिको क्षति पुऱ्यायो भन्ने तथ्यांक आइसकेको छैन । त्यस्तै मानवीय क्षतिको पनि अझै यकीन हुन सकेको छैन । उद्धारको काम जारी रहेकाले कतिपय अप्ठ्यारो अवस्थामा रहेका व्यक्तिलाई सुरक्षाकर्मी र स्थानीयले उद्धार गरेर सुरक्षित स्थानतर्फ लगिरहेका छन् भने अझै कतिजना हिलोमा पुरिएका तथा बगाएर अन्यत्र पुऱ्याएको अवस्थामा छन् भन्ने नै स्पष्ट छैन ।

नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतले प्रभावित जिल्लाहरू रसुवा, नुवाकोट, धादिङ र उता भोटेकोशीको बाढी नारायणीसम्म पुगेकाले चितवन जिल्लामा गरी नेपाली सेना तदारुकताका साथ उद्धारको काममा खटिरहेको जानकारी दिए । उनी भन्छन्, 'नेपाली सेनाले सबैसँगको समन्वयमा बाढीका कारण विभिन्न स्थानमा फसेका व्यक्ति एवं घाइतेको खोज तथा उद्धार, आपत्कालीन उपचार राहत सामग्री वितरणको काम गरिरहेको छ । नेपाली सेना बिहानैदेखि रातिसम्म नै उद्धार र राहतका लागि फिल्डमै खटिरहेको छ ।'

नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्लेले प्रहरीले जोखिममा रहेका घर परिवारलाई सुरक्षित स्थानमा लगेर राख्ने, विभिन्न निकाय र स्थानीयको समन्वय र सहयोगमा आवश्यक उद्धार एवं खोजी गर्नुका साथै अवरोध रहेका मार्गहरू खुलाउने काम तदारुकताका साथ गरिरहेको जानकारी दिए । *रासस*

# बाढीपछि सम्पर्कविहीन भएका दाइ खोजिरहेकी सीता

**गण्डकी–** रक्षाबन्धन हिन्दू संस्कारमा आफ्ना दाजुभाइको नाडीमा दीर्घायु र सुस्वास्थ्यको कामनासहित दिदीबहिनीले राखी बाँधिदिने दिनका रूपमा यो पर्वलाई लिइन्छ ।

शुक्रबार रक्षाबन्धन पर्वका दिन गोरखाकी सीता कार्कीले भने दाइ रामशरणलाई राखी बाँधिदिन पाइनन् । रामशरणले बहिनीलाई उपहार र रक्षावचन नै दिन सकेनन् । दाजुभाइ-दिदीबहिनीबीचको अटुट प्रेम र स्नेहको प्रतीकका रूपमा लिइने यस पर्व सीता र रामशरणका लागि भने दुःखान्त बनेर आइपुग्यो ।

शुक्रबार अपराह्नपख मलिन अनुहार लिएर सीता पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको भवनको छिँडीमा बसिरहेकी थिइन् । रसुवाको भोटेकोशी नदीमा बुधबार बिहान आएको बाढीपछि सम्पर्कविहीन भएका दाइको खोजी र पहिचानका लागि उनी पोखरा आइपुगेकी हुन् । बाढीले बगाएर धादिङ, गोरखा, नवलपुर र तनहुँ जिल्ला ल्याइपुऱ्याएका शव पहिचान र परीक्षणका लागि बिहीबार राति पोखरा ल्याइएको थियो । तीन दिनदेखि बाढीमा हराइरहेका दाइको खोजीका क्रममा आफू पोखरा आएको कार्कीले बताइन् । 'दाइको खोजीका लागि कोही काठमाडौं जानुभएको छ, कोही चितवन, म पनि दाइको अवस्था पत्ता लाग्छ कि भनेर पोखरा आएकी हुँ,' उनले भनिन्, 'रसुवाको मैलुङबाट दाइ बेपत्ता हुनुभएको हो, बुधबार बिहानसम्म उहाँसँग कुरा भएको थियो, त्यसपछि बेखर हुनुहुन्छ ।'



गोरखाको आरुघाट गाउँपालिका-१० मंगलटारका ३८ वर्षीय रामशरण बाढीपछि सम्पर्कविहीन हुनुभन्दा तीन दिनअघिमात्र घरमा आएर त्यसतर्फ फर्किएका थिए । रसुवागढी नाकामा कोरियन कम्पनीले निर्माण गरेको जलविद्युत् आयोजना कार्यालयमा उनी चालकका रूपमा कार्यरत थिए । 'कोरियन कम्पनीका सरहरू लिएर आयोजनास्थलमा जाने क्रममा बाढीमा परी दाइ बेपत्ता हुनुभएको हो,' सीताले भनिन्, 'अहिलेसम्म उहाँको अवस्था पत्ता लाग्न नसक्दा परिवार पीडामा छौं, जतिसक्दो छिटो खोजी होस् ।'

कतै दाइको शव भेटिन्छ वा पहिचान हुन्छ कि भनेर सीताले अस्पतालको फरेन्सिक मेडिसिन विभागमा राखिएका शवका तस्बिर हेरेकी थिइन् । शुक्रबार अपराह्नसम्म दाइको अवस्थाबारे केही पत्ता नलागेको उनले बताइन् । बाढीले शव बगाएर विभिन्न जिल्लामा पुऱ्याएकाले आफन्तलाई पहिचान गर्न कठिनाइ भइरहेको छ । पहिचान गर्न सजिलो होस् भनेर बेपत्ता भएकाका आफन्तलाई शवको तस्बिर स्क्रिनमा हेर्ने व्यवस्था मिलाइएको छ ।

सीताझैं सम्पर्कविहीनका अन्य आफन्त पनि अस्पताल पुगेर शव पहिचान गर्ने प्रयासमा छन् । विदेशी पर्यटक टोलीसँग गोसाइँकुण्ड जाने क्रममा सम्पर्कविहीन भएका भक्तपुरका चिकित्सक आयुष अधिकारीको खोजी र पहिचानका लागि उनका आफन्त मातृका ढुंगाना आयुषको तस्बिर हातमा लिएर अस्पताल पुगेका थिए । 'आयुष मेरो साला बाबु हुन् । ग्राण्डी अस्पतालमा कार्यरत थिए,' उनले भने, 'पर्यटकको टोलीसँगै आयुष बाढीपछि रसुवागढीबाट सम्पर्कविहीन भएका छन् ।'

उनले अस्पतालमा राखिएका अधिकांश शव चिन्नै नसकिने अवस्थामा रहेका बताए । शव पोखरा ल्याएको थाहा पाएपछि विभिन्न जिल्लाबाट आफन्त शव पहिचानका लागि पोखरा आइपुगेका छन् । धादिङको नीलकण्ठ नगरपालिका-९ धारापानी गाउँका २८ जना बाढीपछि सम्पर्कविहीन भएपछि उनीहरूका आफन्त पनि यतिबेला पोखरा आइपुगेका छन् । स्थानीय बलराम लम्सालले गोसाइँकुण्डको तीर्थयात्रामा जाँदा बसमा यात्रारत सबै बाढीमा बेपत्ता भएको बताए ।

'एउटै घरका सात जनासम्म बेपत्ता हुनुभएको छ, सिंगो गाउँ नै यतिबेला शोकमा छ,' उनले भने, 'धादिङमा भेटिएका शव पोखरा ल्याएको थाहा पाएपछि हामी खोजीका लागि यहाँ आएका हौं ।' सदरमुकाम धादिङबेशीबाट तीर्थयात्रु लिएर गएको बस नुवाकोटको बेत्रावतीबाट बेपत्ता भएको थियो । माथिबाट बाढी आएपछि उक्त बसमा सवार तीर्थयात्रु बसबाट ओर्लेर नजिकको घरसम्म पुगेको जानकारी आए पनि त्यसपछि सम्पर्कविहीन भएको लम्सालले बताए ।

कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङका अनुसार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ९३ र मणिपाल शिक्षण अस्पतालमा नौ वटा शव राखिएका छन् । शवको पहिचान तथा परीक्षणको काम भइरहेको बताउँदै उनले शव परीक्षण गरी पहिचान भएमा आफन्तलाई बुझाइने जानकारी दिए । पहिचान हुन नसकेका शवको डिनए परीक्षणका लागि नमूना काठमाडौं पठाइने प्रजिअ गुरुङले बताए । उनका अनुसार पहिचान हुन नसकी बेवारिसे बनेका शवलाई 'बेवारिसे शव व्यवस्थापन निर्देशिका' अनुसार व्यवस्थापन गरिने छ । शवको संख्या धेरै भएका र अधिकांश शव चिन्नै नसकिने अवस्थामा रहेकाले व्यवस्थापनमा अझै केही दिन लाग्न सक्ने जनाइएको छ ।

त्रिशूली र नारायणी नदी किनारमा भेटिएका शवलाई सम्बन्धित जिल्लामा राख्न र परीक्षण गर्न स्थान अभाव भएपछि पोखरा ल्याइएको हो । नवलपुरबाट ४१, धादिङबाट २७, तनहुँबाट १४ र गोरखाबाट ११ शव पहिचान तथा परीक्षणका लागि पोखरा ल्याइएको हो । यसअघि तनहुँबाट नौ वटा शव पोखरा ल्याइएको थियो । *रासस*


**युएइमा रोजगार** कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०२/१८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१२ LT. No. 342886 चलानी नं. ६०२५६१५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 10 | 0 | 1000 | ४१,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ भाद्र २० गते (5th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८४९/०८२/८३

BARQ LINK MANPOWER PVT. LTD.
Gurans Galli, Pingalasthan-9, Gaushala, Kathmandu, Nepal, Tel: 01-5929830, Cell : 9860739830
E-mail: info@barqlinkmanpower.com, Website: www.barqlinkmanpower.com

**कुवेतमा रोजगार** कम्पनी : VERONA PIZZERIA RESTAURANTS COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/११ LT. No. 347215 चलानी नं. ६०२६०३७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner / Kitchen Helper | 15 | 10 | 120 | ५९,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ भाद्र २१ र २२ गते (6/7 Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9847364227
bishwo 984-3560000, subash 980-3050838 , Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम ईजाजत नं. ८८३/०६७/०६८

**मलेसियामा रोजगार** कम्पनी : ROKONMA SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०५/११ LT. No. 347274 चलानी नं. ६०२६०४०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | (FACTORY/GENERAL) WORKER | 6 | 0 | 1700 | ६४,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ भाद्र २० गते (5th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sansar International Services Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Man bir Khatri 9849548340
श्रम ईजाजत नं. ८९८/०६७/०६८

**युएइमा रोजगार** कम्पनी : ARMAA BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८३/०४/२० पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१२ LT. No. 345987 चलानी नं. ६०२५९३०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stone Mason | 4 | 0 | 1500 | ६२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter/Steel Fixe | 8 | 0 | 1500 | ६२,३३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ भाद्र २० गते (5th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८४८/०८२/०८३

Venus Recruitment Services Pvt Ltd
Sinamangal-9, Kathmandu, Nepal
Phone No. +977-1-5927521, E-mail : vrs.nepal@gmail.com, info@venusrecruitment.com.np

## भोटेकोशीको भेल

# बगायो बस्ती, बढायो सन्त्रास



✍ **प्रगति ढकाल**/काठमाडौं

*'तेता के के हुँदै छ, यता बाढी पसेर*
*फेरि हामी दुःखीकै खायो मुटु कलेजो*
*हामी भयौं बेघरबार, हामी भयौं बेघरबार*
*चरी लैजा समाचार, हामी भयौं बेघरबार...'*

गायक अञ्जान बाबुको स्वरमा गुञ्जिएको यो गीत अहिले गीतमात्रै रहेन, रसुवा, नुवाकोट, धादिङ र चितवनका नदी किनारमा बस्ने कयौं परिवारको पीडा बनेर गुञ्जिएको छ । केही दिनअघिसम्म  सुन्दर देखिएको बस्ती बगरमा परिणत भएका छन् । कतिको ज्यान गयो । कति बेपत्ता छन् त कति घाइते भए । कसैको घर छैन, कसैको खेत अनि कतिको व्यवसाय गयो ।

कतिपयले परिवारका आफ्ना मान्छे कहाँ छन् भन्ने खबरसमेत पाएका छैनन् । बुधबारको दिन आकाशबाट त्यस्तो ठूलो पानी परेको पनि थिएन । गाउँबस्तीमा बाढी आउला भन्ने कुनै संकेत नै भएन । बिहानीको समय दैनिक कामकाजमै मानिस व्यस्त थिए । कोही खाना खाँदै थिए, होला कोही स्कुल जाँदै थिए त कति अफिसको काममा व्यस्त हुन थालेका थिए । कोही खेतबारीको काम गरिरहेका थिए होलान् कति जना यात्रामा थिए ।

पत्तै नभई भोटेकोशी नदी एक्कासि उर्लिएर आयो । सामान्य अवस्थामा बगिरहेको नदीको आवाज एकाएक भयावह बन्यो । पानीसँगै ढुंगा, माटो, काठ र भग्नावशेष बगेर आए । रसुवाको माथिल्लो तटीय क्षेत्रको नदी आसपासका बस्तीमा रहेका मानिसलाई सम्हालिन र सोच्नसमेत समय मिलेन । वर्षौंको मिहेनतले जोडेको सम्पत्ति केही मिनेटमै नदीको भेलमा मिसियो । नदी किनारमा रहेका सडक र पुलसमेत बाढीको बेगसँगै बगेर गए । अन्य ठूला भौतिक पूर्वाधार र यातायातका साधनलाई भेलले बगायो ।

रसुवाको गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष कैसाङनुर्पु तामाङका लागि भोटेकोशी बाढीले ल्याएको विपद्को त्यो क्षण अझै पनि सपनाजस्तै लागिरहेको छ । यति ठूलो विपद्ले गाउँबस्तीलाई यसरी तहसनहस बनाउला भन्ने उनले कल्पनासम्म गरेका थिएनन् । 'के-के भयो, भयो । अझै पनि अचम्म लागिरहेको छ । यस्तो महाविपद् आउला भनेर मैले कहिल्यै कल्पना गरेको थिइन । अहिले पनि यो सपना हो कि विपना जस्तो लागिरहन्छ,' टेलिफोन वार्तामा उनले भने ।

बाढीले उजाडिएको बस्तीमा उद्धार तथा राहतका लागि स्थानीय तहको टोली परिचालन भइरहेको छ तर जहाँ हेर्‍यो, त्यहीँ पीडा छ । कतै भग्नावशेष, कतै आफन्तको खोजीमा रहेका परिवार, कतै घरबार गुमाएका मानिस । विपद्पछिको त्यो कोलाहल र मानवीय पीडा सम्झँदा अध्यक्ष तामाङको मन भारी छ । 'बाढीले उजाडिएको बस्तीमा हामी उद्धारमा जुटिरहेका छौं । यहाँको अवस्था र कोलाहल देख्नै सकिएको छैन । मन रोएको छ,' भावुक स्वरमा उनले भने ।

अहिले गाउँपालिकाको पहिलो प्राथमिकता घाइतेको उद्धार तथा उपचार, बेपत्ताको खोजी र जीवित रहेकालाई तत्काल राहत उपलब्ध गराउनु रहेको उनको भनाइ छ । तामाङले यति ठूलो विपद्को सामना गर्न स्थानीय तहको आफ्नै स्रोत, साधन र जनशक्ति पर्याप्त नभएको गुनासो गर्छन् । 'घाइतेको उद्धार गर्ने, बेपत्ताको खोजी गर्ने र बाँचेकालाई राहत उपलब्ध गराउने काममै लागिरहेका छौं । तर यति ठूलो विपद्को प्रतिकार्य गर्न स्थानीय तहसँगमात्रै पर्याप्त क्षमता हुँदैन रहेछ,' अध्यक्ष तामाङ भन्छन्, 'यस्तो अवस्थामा सबै तहका सरकार, सुरक्षा निकाय र सहयोगी संस्थाको समन्वय झन् महत्त्वपूर्ण हुने रहेछ ।' फेरि पनि यस्तै विपद् दोहोरिने हो कि भन्ने सन्त्रास रहेको उनी बताउँछन् ।

भोटेकोशी बाढीको खबर सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल हुँदै एकाएक देशदेखि विश्वभर फैलियो । बाढीको भिडियो भाइरल बन्न थाले । भिडियोको दृश्यले सन्नाटा छायो । बाढी आएको देख्नेबित्तिकै मानिसहरू ज्यान जोगाउन दौडिएको देखिन्थ्यो । कोही बालबालिका बोकेर भागेका थिए । कोही वृद्ध आमाबुबालाई समातेर सुरक्षित स्थानतर्फ लाग्दै थिए । कतिलाई भाग्दाभाग्दै बगाएको देखिन्थ्यो । कतिले घरको छतमा आश्रय लिए, कसैले डाँडातिर भागेर ज्यान जोगाएको देखिन्थ्यो ।

एक वर्षअघि पनि रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आएको थियो । उक्त बाढीका कारण चीन-नेपालका गरी अहिलेसम्म १९ जना बेपत्ता र सात जनाको मृत्यु भएको छ । फेरि सो स्थानमा नै यस वर्ष झन् ठूलो बाढीले तहसनसस बनाएर गयो ।

जलमापन केन्द्र बगाउँदा समस्या

जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रअन्तर्गत बाढी पूर्वानुमान महाशाखाका बाढीविज्ञहरूलाई बुधबार बिहान अफिस आउनेबित्तिकै भोटेकोशीमा बाढी आएको भन्ने सूचनाले झस्कायो । खानी तथा भूगर्भ विभागबाट बिहान ८ बजेर ३७ मिनेट जाँदा चीनतर्फको हिमाली क्षेत्रमा ४.४ रेक्टर स्केलको भूकम्प गएको सूचना पनि आइसकेको थियो । त्यसको केही मिनेटपछि भोटेकोशी-स्याफ्रुबेंसी जलमापन केन्द्रलाई बाढीले बगाएपछि तथ्यांक आउन बन्द भयो ।

महाशाखाकी बाढीविद् सरस्वती विष्टका अनुसार बिहान ८:४० बजे प्राप्त अन्तिम तथ्यांकअनुसार भोटेकोशी नदीको जलसतह १.६२ मिटरमात्रै देखिएको थियो । उक्त केन्द्रमा सतर्कता तह छ मिटर र खतरा तह सात मिटर निर्धारण गरिएको छ । बिहान ९:०० बजेतिर फेरि जिल्ला प्रशासन कार्यालय, रसुवा तथा बेत्रावतीमा रहेका जलमापन केन्द्रका कर्मचारीमार्फत जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रलाई भोटेकोशी नदीमा तिब्बततर्फबाट ठूलो बाढी प्रवेश गर्न लागेको सूचना पुग्यो ।

बाढी आएको जलमापन केन्द्रले सूचना नदेखाए पनि बाढीसम्बन्धी पूर्वसूचना सम्प्रेषण जतिसक्दो चाँडो सर्वसाधारणलाई पुर्‍याएर ज्यान जोगाउने काम भएको बताउँछिन् विष्ट । 'हामीले हेर्दा नदीको अवस्था सामान्यजस्तै देखिन्थ्यो तर त्यसको केहीबेरमै घटनाक्रमले अप्रत्यासित मोड लिएछ । अनि सूचना पाएलगत्तै सम्भावित जोखिममा रहेका बस्तीलाई खबर गर्ने काम सुरु भयो,' उनी भन्छिन्, 'अप्रत्यासितरूपमा आएको यो बाढीको पूर्वसूचना दिने समय नै कम भयो ।'

विष्टका अनुसार उक्त दिन बिहान ९:१५ बजेतिर त्रिशूली नदीको तटीय क्षेत्र हुँदै मुग्लिनसम्मका बासिन्दालाई उच्च सतर्कता अपनाउँदै सुरक्षित स्थानमा जान आग्रह गरियो । रसुवा, नुवाकोट, धादिङ र चितवनका नदी आसपासका बासिन्दालाई प्रारम्भिक पूर्वसूचना एसएमएसमार्फत पठाइएको उनको भनाइ छ । त्यसको एक मिनेटपछि, ९:१६ बजे, नेपाल टेलिकम र एनसेलमार्फत त्रिशूली नदीको तटीय क्षेत्र तथा मुग्लिनसम्मका नागरिकलाई फेरि सतर्क गराइएको विष्टले जानकारी दिइन् ।

### तटीय क्षेत्रका नागरिकलाई छ लाख ७९ हजार मोबाइल एसएमएस

केन्द्रको बाढी पूर्वानुमान महाशाखाले भोटेकोशी तथा त्रिशूली नदी तटीय क्षेत्रका नागरिक बचाउन छ लाख ७९ हजार मोबाइल एसएमएस पठाएको जानकारी दिएको छ । केन्द्रका प्रवक्ता डा. राजन भट्टराईले नेपाल टेलिकम र एनसेलमार्फत छ लाख ७९ हजार २९५ एसएमएस पठाएर भोटेकोशी तथा त्रिशूली नदीतटीय क्षेत्रका नागरिकलाई चरणबद्धरूपमा सुरक्षित स्थानमा जान अनुरोध गरिएको जानकारी दिए ।

भोटेकोशी-त्रिशूलीमा आएको बाढीसम्बन्धी समयमै पुगेको पूर्वसूचनाका कारण धेरैको ज्यान जोगिएको बताउहुन्छ धादिङस्थित नीलकण्ठ नगरपालिकाका प्रमुख भीमप्रसाद ढुंगाना । 'उपल्लो तटीय क्षेत्रमा बाढी गएको खबर पाउनासाथ हामीले पूर्वसूचना सबैतिर सम्प्रेषण गर्‍यौं । त्यसपछि धेरै मानिस अग्लो तथा सुरक्षित स्थानमा गएर ज्यान जोगाउन सफल भए,' नगरप्रमुख ढुंगाना भन्छन् ।

### नेपाल-चीन सीमा क्षेत्रमा हिम-च ान पहिरो जाँदा भोटेकोशी बाढी

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले स्याटेलाइट तस्बिरको विश्लेषणका आधारमा गरिएको प्रारम्भिक अध्ययनबाट नेपाल-चीन सीमा क्षेत्रमा हिम-चट्टान पहिरो गएको र त्यसका कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको प्रारम्भिक निष्कर्ष निकालेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीका अनुसार रसुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल-चीन सीमामा गएको हिम-चट्टान पहिरोका कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको र टिमुरे हुँदै उक्त बाढी त्रिशूली नदीमा मिसिएको प्रारम्भिक विश्लेषणबाट देखिएको बताए ।

'स्याटेलाइट तस्बिरको प्रारम्भिक विश्लेषण गर्दा रसुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल-चीन सीमामा हिम-चट्टान पहिरो गएको देखिन्छ । त्यसकै कारण ल्हेन्दे खोलामा गेग्रानसहितको बाढी आएको र टिमुरे हुँदै त्रिशूली नदीमा प्रवेश गरेको प्रारम्भिक अध्ययनबाट देखिएको छ,' प्राधिकरणका कार्यकारी प्रमुख डा. उप्रेतीले भने । बाढीविद् विनोद पराजुलीले घटनाको कारणबारे थप स्पष्ट हुन सो क्षेत्रमा रहेका हिमताल, हिमनदी तथा समग्र हिम क्षेत्रको सूक्ष्म अध्ययन भइरहेको जानकारी दिए ।

### ४७ हिमतालको जोखिम कायमै

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को 'इन्भेन्टोरी अफ ग्ल्यासियर लेक्स इन द कोशी, गण्डकी एण्ड कर्णाली रिभर बेसिन्स अफ नेपाल एण्ड तिब्बत, चाइना' शीर्षकको अध्ययन प्रतिवेदनले नेपाल, भारत र चीनमा अवस्थित ४७ वटा हिमताल फुट्नसक्ने बताएको छ ।

युएनडिपी र इसिमोडले संयुक्तरूपमा गरेको उक्त अध्ययन प्रतिवेदनले नेपाल, भारत र चीनमा पर्ने ४७ हिमताल खतरायुक्त तहमा पुगेको उल्लेख छ । यी हिमताल जुनसुकै बेलामा पनि फुट्नसक्ने र नेपालले ठूलो धनजनको क्षति व्यहोर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

उक्त अध्ययनअनुसार यीमध्ये २५ वटा चीनमा, २१ नेपाल र एउटा भारतमा पर्छ । तीमध्ये केही अत्यन्त संवेदनशील मानिएका छन् जसले ठूलोमात्रामा जनधनको क्षति गराउने सम्भावना रहेको अध्ययनले देखाएको छ । प्रतिवेदनले जोखिममा रहेका हिमतालहरू फुट्दा नेपालले अर्बौंभन्दा बढी वित्तीय क्षति व्यहोर्नुपर्ने र ठूलो मानवीय क्षति पनि गर्नसक्ने उल्लेख गरेको छ । प्रतिवेदनले क्षति न्यूनीकरणका लागि आवश्यक पूर्वतयारीका कार्यक्रम तय गर्न पनि सुझाव दिएको छ ।

### विपद्का कारण पर्नसक्छ मानसिक स्वास्थ्यमा समस्या

अचानक आएको बाढी, आफन्त गुमाउनु, घरबारविहीन हुनु वा मृत्युको मुखबाट जोगिनुजस्ता कारणले मानिसको मानसिक स्वास्थ्यमा गहिरो असर पार्नसक्ने मनोचिकित्सकहरू बताउँछन् । पाटन मानसिक अस्पतालका वरिष्ठ मनोरोग विशेषज्ञ डा. वासुदेव कार्की भोटेकोशी बाढीजस्ता विपद्का कारण मानिसमा मनोवैज्ञानिक असर पर्नसक्ने बताउँछन् । 'बाढीका कारण घरबारविहीन हुँदा, आफन्त गुमाउँदा, घाइते भएर बाँच्नुपर्दा र फेरि पनि विपद् दोहोरिने हो कि भन्ने त्रासले मानसिक स्वास्थ्यमा प्रभाव पर्नसक्छ,' उनी भन्छन्, 'कसैमा सामान्य तनाव देखिन सक्छ भने कसैमा गम्भीर मानसिक समस्या पनि उत्पन्न हुनसक्छ ।'

डा. कार्कीले विपद्पछि देखिनसक्ने प्रमुख मनोवैज्ञानिक समस्यामा चिन्ता (एन्जाइटी) र डिप्रेसनमा पर्नसक्ने र लामो समयसम्म तनावमा रहँदा निद्रामा समस्या हुने, डर र बेचैनी बढ्ने, दैनिक काममा रुचि घट्ने तथा निरासा बढ्ने हुनसक्ने बताए । 'त्यसैले भोटेकोशी विपद् पीडितका सम्भावित मानसिक स्वास्थ्य समस्या निराकरण कसरी गर्न सकिन्छ भनेर हामीले छलफल गरिरहेका छौं । उनीहरूलाई निःशुल्करूपमा परामर्श दिनेगरी निःशुल्क हटलाइन सेवा '१११५' को व्यवस्था गरेका छौं ।' *रासस*



"

के-के भयो, भयो । अझै पनि अचम्म लागिरहेको छ । यस्तो महाविपद् आउला भनेर मैले कहिल्यै कल्पना गरेको थिइन । अहिले पनि यो सपना हो कि विपनाजस्तो लागिरहन्छ । बाढीले उजाडिएको बस्तीमा हामी उद्धारमा जुटिरहेका छौं । यहाँको अवस्था र कोलाहल देख्नै सकिएको छैन । मन रोएको छ ।

**कैसाङनुर्पु तामाङ**
अध्यक्ष, गोसाइँकुण्ड गाउँपालिका

हामीले हेर्दा नदीको अवस्था सामान्यजस्तै देखिन्थ्यो तर त्यसको केहीबेरमै घटनाक्रमले अप्रत्यासित मोड लिएछ । अनि सूचना पाएलगत्तै सम्भावित जोखिममा रहेका बस्तीलाई खबर गर्ने काम सुरू भयो । अप्रत्यासितरुपमा आएको यो बाढीको पूर्वसूचना दिने समय नै कम भयो ।

**सरस्वती विष्ट**
बाढीविद्, बाढी पूर्वानुमान महाशाखा



दाङको घोराही उपमहानगरपालिका–१८ शंखेपिपलस्थित कटुवा खोलामा शुक्रबार बिहान जनैपूर्णिमाका अवसरमा स्नान गर्दै स्थानीय ।

*तस्विर: रासस*



ललितपुरको बंगलामुखीस्थित कुम्भेश्वर मन्दिर परिसरमा पुरोहितबाट रक्षाबन्धन लगाउँदै भक्तजन ।

*तस्विर: रासस*

# ट्याक्टर दुर्घटनामा ३४ जना घाइते




**खोटाङ–** धार्मिक मेला भरेर घर फर्कँदै गरेको अवस्थामा खोटाङमा टचाक्टर दुर्घटना हुँदा ३४ जना भक्तजन घाइते भएका छन् । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका–६ नेर्पास्थित भुलभुले दूधकुण्डमा लागेको धार्मिक मेला भरेर घर फर्कँदै गरेका भक्तजन चढेको ना५त ४५५५ नम्बरको टचाक्टर सोही नगरपालिकाको वडा नं २ सोल्मास्थित छेपेखोलामा दुर्घटना भएको हो ।

गुडिरहेको टचाक्टरको पछाडिको भाग बीच सडकमा घोप्टिएर भएको दुर्घटनामा पाँच जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी निराजन बस्नेतले जानकारी दिए । 'दुर्घटनाका सबै घाइतेलाई उद्धार गरेर जिल्ला अस्पताल दिक्तेल ल्याएका छौं । अहिलेसम्म कसैको पनि पहिचान खुलेको छैन,' उनले भने, 'पाँच जनाको अवस्था गम्भीर छ । जिल्लामा उपचार सम्भव नभएपछि अस्पतालले २० जनालाई थप उपचारका लागि काठमाडौं 'रेफर' गरिसकेको छ । घाइते १४ जनाको यही उपचार भइरहेको छ ।'

अस्पतालले रेफर गरेका घाइतेलाई एम्बुलेन्स तथा सुमो जिप रिजर्भ गरेर उपचारमा पठाइएको दिक्तेल रूपाकोट मझुवागढीका उपप्रमुख विशन राईले जानकारी दिए । 'दिउँसोदेखि जिल्लामा भीषण वर्षा भइरहेको छ । निरन्तरको वर्षाले उद्धारमासमेत समस्या भयो,' उनले भने, 'निरन्तरको वर्षाका बाबजुद नगरपालिकाको एम्बुलेन्स तथा सुमो रिजर्भ गरेर घाइतेलाई थप उपचारका लागि काठमाडौं पठाइएको छ ।'

घाइतेको टाउको, हातखुट्टा तथा शरीरका विभिन्न भागमा गहिरो चोट लागेको उपचारमा संलग्न स्वास्थ्यकर्मीले बताएका छन् । भक्तजन चढेको टचाक्टर दुर्घटना दिउँसो २:०० बजेको समयमा भएको प्रत्यक्षदर्शीले बताएका छन् । टचाक्टर दुर्घटनालगत्तै चालक ओखलढुंगाको सिद्धिचरण नगरपालिका–७ की २३ वर्षीया रिनिमा शेर्पालाई प्रहरीले नियन्त्रणमा लिएको छ । मध्यपहाडी लोकमार्गअन्तर्गत चखेवाभञ्ज्याङतर्फबाट दिक्तेल आउँदै गरेको खाली टचाक्टर रोकेर भक्तजन चढेको प्रारम्भिक अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ । *रासस*

# धुलिखेल अस्पतालमा १०० शय्याको ट्रमा सेन्टर निर्माण हुँदै

**काभ्रेपलाञ्चोक–** धुलिखेल अस्पतालले १०० शयचाको ट्रमा तथा इमरजेन्सी सेन्टर निर्माण गरिरहेको छ । नेपाल र जापान दुई देशबीचको सम्झौताअनुसार जापानको ३.८६ अर्ब जापानी येन (तीन अर्ब ६० करोड रूपैयाँ) बराबरको पूर्ण अनुदानमा भवन निर्माण भइरहेको हो ।

पटक-पटकका सम्झौताबीच औपचारिकरूपमा २८ मे २०२५ मा भवन निर्माणार्थ शिलान्यास गरिएको थियो । द्रुत गतिमा अघि बढिरहेको ट्रमा तथा इमरजेन्सी सेन्टर नेपालका लागि महत्त्वपूर्ण स्वास्थ्य पूर्वाधार परियोजनाका रूपमा हेरिएको छ । अस्पताल परिसरमा निर्माणाधीन उक्त सेन्टरमा अरनिको राजमार्ग र बिपी राजमार्गबाट बिरामीको सहजै पहुँच पुग्ने छ ।

ट्रमा तथा इमरजेन्सी सेन्टर करिब १६ रोपनी क्षेत्रफलमा निर्माण भइरहेको निर्माण कम्पनीका इञ्जिनियर रोशन श्रेष्ठले जानकारी दिए । उनका अनुसार भवनको कूल क्षेत्रफल करिब ७४ हजार वर्गफिटको छ । भवनलाई विपद्, आगलागी तथा अन्य आकस्मिक अवस्थालाई पनि ध्यानमा राखेर सुरक्षित बनाउने गरी 'डिजाइन' गरिएको श्रेष्ठको भनाइ छ ।

भवनमा न्यूनतम तीन फिटदेखि १० फिटसम्मका पिल्लर प्रयोग गरिएको छ । निर्माण कार्यमा दैनिक करिब १४ घण्टा काम भइरहेको छ भने हाल करिब २५० जना कामदार परिचालन गरिएको जनाइएको छ । परियोजनाको करिब ५० प्रतिशत निर्माण कार्य सम्पन्न भइसकेको जनाइएको छ ।

निर्माण कार्यका लागि जापानको टोडा कर्पोरेसन, टोकियो छनोट भएको थियो । जाइका नेपाल तथा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका प्रतिनिधिको उपस्थितिमा सन् २०२५ अप्रिलबाट निर्माणको प्रारम्भिक काम सुरु गरिएको हो । परियोजनामा जापानी कम्पनी टोडासँगै नेपालको हिमालयन बिल्डर्स एण्ड इञ्जिनियरिङलगायत कम्पनी पनि सम्लग्न रहेका छन् ।

निर्माण सम्पन्न भएपछि ट्रमा सेन्टरमा सिटी स्क्यान, एमआरआई, अत्याधुनिक शल्यक्रिया कक्ष, भेन्टिलेटर, एक्स-रे मेसिनलगायत आवश्यक स्वास्थ्य उपकरण जडान गरिने सेन्टरका फोकल पर्सन डा. दिपक श्रेष्ठले जानकारी दिए । उनका अनुसार अत्याधुनिक उपकरण तथा अस्पतालका शयचासहितको संरचना सन् २०२७ जुनसम्म हस्तान्तरण गर्ने लक्ष्य राखिएको छ ।

सेन्टर सञ्चालनमा आएपछि काभ्रेपलाञ्चोकसँगै छिमेकी जिल्लाहरू रामेछाप, दोलखा, सिन्धुपाल्चोक, सिन्धुली र भक्तपुरका गम्भीर घाइते तथा आकस्मिक उपचार आवश्यक पर्ने बिरामीले तत्काल विशेषज्ञ सेवा पाउने छन् । बिपी राजमार्गसँग जोडिएका तराईका जिल्लाबाट आउने घाइते बिरामीका लागि पनि यो केन्द्र निकै महत्त्वपूर्ण हुने विश्वास गरिएको छ ।

अन्तर्राष्ट्रियस्तरमा देखिएका असहज परिस्थिति, नेपालमा आएको बाढी तथा अन्य विपद् र जेन-जी आन्दोलनका कारण निर्माण सामग्री आपूर्ति, जनशक्ति व्यवस्थापन तथा परियोजना सञ्चालनमा केही समस्या आए पनि काम पूर्णरूपमा प्रभावित नभएको अस्पतालले जनाएको छ । वि.सं. २०५३ देखि स्वास्थ्य सेवा सुरु गरेको धुलिखेल अस्पतालले तीन दशकको अवधिमा विभिन्न विशेषज्ञ तथा अत्याधुनिक सेवा थप गर्दै आएको जनाइएको छ । *रासस*

# बाढी प्रभावितका लागि भरतपुर महानगरको एक करोड एक लाख सहयोग

**चितवन (प्रस)–** भोटेकोशी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि भरतपुर महानगरपालिकाले एक करोड एक लाख रूपैयाँ सहयोग गर्ने भएको छ ।

महानगरको शुक्रबार बसेको बैठकले बाढी प्रभावितका लागि उक्त रकम उपलब्ध गराउने निर्णय गरेको महानगरका उपसचिव शेषकान्त पौडेलले जानकारी दिए । उनका अनुसार संघीय सरकारको निर्णयअनुसार महानगरपालिकामा कार्यरत सरकारी कर्मचारीको तलब कटौतीबाट ५३ लाख ६८ हजार रूपैयाँ राहत कोषमा जम्मा हुने छ । त्यसका अतिरिक्त महानगरका जनप्रतिनिधिले १० दिनबराबरको सेवासुविधा गरी एक करोड एक लाख रूपैयाँ रकम राहतमा उपलब्ध गराउने निर्णय पनि गरिएको छ ।

महानगरका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले भोटेकोशी क्षेत्रमा आएको बाढीबाट ठूलो जनधनको क्षति भएकाले प्रभावित नागरिकको राहत तथा पुनःस्थापनामा सहयोग गर्न महानगरले निर्णय गरेको बताए । यसैबीच, रत्ननगर नगरपालिकाले पनि प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा ३२ लाख रूपैयाँ सहयोग गर्ने निर्णय गरेको छ । नगरप्रमुख प्रह्लाद सापकोटाले आफ्नो तीन महिनाको सेवासुविधाबापत ९९ हजार रूपैयाँ राहत कोषमा जम्मा गरिसकेको जानकारी दिए । नगरपालिकाका कर्मचारी तथा शिक्षकबाट सामूहिकरूपमा २५ लाख संकलन गरिने र नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट बाँकी रकम सहयोग गरिने नगरप्रमुख सापकोटाले जानकारी दिए ।

त्यसैगरी, कालिका नगरपालिकाले बाढी प्रभावितको उद्धार तथा व्यवस्थापनका लागि एम्बुलेन्स र शववाहन निःशुल्क उपलब्ध गराउने निर्णय गरिएको जनाएको छ ।

# मेलम्चीका बाढी प्रभावितद्वारा एक लाख सहयोग

**सिन्धुपाल्चोक–** रसुवाको भोटेकोशीमा बुधबार गएको बाढीका कारण प्रभावितको राहत तथा उद्धारका लागि सिन्धुपाल्चोकको मेलम्ची बाढी प्रभावितले रकम संकलन गरी सहयोग गरेका छन् । २०७८ असार २ गते आएको बाढीका कारण प्रभावित बनेकाहरूले एक लाख चार हजार रूपैयाँ संकलन गरी सयोग प्रदान गरेका हुन् ।

पीडितलाई केही भए पनि सहयोग होस् भन्ने उद्देश्यले रकम संकलन गरिएको मेलम्ची बाढी प्रभावित प्रकाश श्रेष्ठले बताए । 'रसुवामा आएको विनाशकारी बाढीले धेरै परिवारलाई पीडा, दुःख र अनिश्चितताको अवस्थामा पुऱ्याएको छ,' उनले भने, 'केही वर्षअघि हामीले मेलम्ची बाढीको पीडा भोगेका छौं । उनीहरूको पीडामा थोरै भए पनि मल्हम लगाउन हामीले मेलम्ची बाढी प्रभावितबाट रकम संकलन गरेका हौं ।' मेलम्चीवासी, व्यवसायी, समाजसेवी तथा सहयोगीबाट एक लाख चार हजार १६५ संकलन गरिएको उनले बताए ।

आफूले भोगेको पीडा आज रसुवाका नेपालीलाई परेको भन्दै यसमा सानो सहयोगले पनि महत्त्व राख्ने भएकाले स्थानीयबाट रकम संकलन गरी पीडितलाई उपलब्ध गराइएको मेलम्ची बाढी प्रभावित कुमार दुलालले बताए । 'अहिलेकोजस्तै त्रासदी हाम्रो मानसपटलमा अझै ताजा छ । यो बेला हामीलाई चुपचाप हेरेर बस्न मनले दिएन,' उनले भने, 'रसुवाको बाढीले हामीलाई थप भयभित र सतर्क बनाएको छ ।'

पुनःस्थापनाका लागि समयमै आवश्यक सहयोग, समन्वय भएमा व्यवस्थापन प्रभावकारी हुने भन्दै दुलालले व्यवस्थापन अभाव हुँदा विपद् प्रभावितले थप पीडा भोग्नुपर्ने भन्दै आपसी सहयोग र समन्वयको आवश्यकता औंल्याए । 'अब हामी सबै राहत र पीडितको पुनःस्थापनामा जुट्न आवश्यक छ,' उनले भने । उनका अनुसार उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने छ । *रासस*

# बाढी प्रभावितको उद्धार, उपचार र राहत वितरणमा तीव्रता

**रसुवा–** भोटेकाशी नदीको विनासकारी बाढीपछि प्रभावित क्षेत्र स्याफ्रुबेँसी र टिमुरेबाट उद्धार गरी ल्याइएका ५१ जना घाइतेको अहिले रसुवा जिल्ला अस्पतालमा उपचार भइरहेको छ । बाढीबाट गम्भीर घाइते भएका २२ जनालाई भने थप उपचारका लागि काठमाडौंका विभिन्न अस्पतालमा 'रेफर' गरिएको रसुवा अस्पतालका प्रमुख एवं मेडिकल सुपरिटेन्डेन्ट डा. अमित प्रजापतिले जानकारी दिए ।

सूचना अधिकारीकोसमेत जिम्मेवारीमा रहेका रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी द्रुवप्रसाद अधिकारीका अनुसार स्याफ्रुबेँसी र टिमुरेबाट उद्धार गरिएका ५७० जनामध्ये आर्थिक अवस्था कमजोर भएका ६० जनालाई धुञ्चेवासीको सहयोगमा स्थानीय गुम्बामा खानाको व्यवस्था गरिएको छ ।

लाङटाङ राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा. श्यामकुमार साहले जिम्मेवारीमा खटिएका नेपाली सेनाका ४४ जना र निकुञ्जका तीन कर्मचारी अकल्पनीय बाढीपछि सम्पर्कविहीन अवस्थामा रहेको जानकारी दिए । त्यसैगरी, सशस्त्र प्रहरी बलका १३ जना र नेपाल प्रहरीका २८ जनाको अवस्था अहिलेसम्म अज्ञात रहेको छ ।

प्राप्त प्रारम्भिक विवरणअनुसार टिमुरेबाट हल्का सवारी चालक २० जना र डिब्बाजडित समान ढुवानी गर्ने ठूला गाडी चालक सात जना सम्पर्कविहीन अवस्थामा रहेको सहायक प्रमुख जिल्ला अधिकारीले जानकारी दिए । यसैबीच, नेपाल-चीनको नाकास्थित रसुवागढीबाट करिब १४ किलोमिटर पूर्वउत्तरतर्फको हिमाली क्षेत्रमा रहेको ताल भरिएर पानी बाहिरिन थालेको खबर बाहिरिएसँगै सावधानी अपनाउन अनुरोध गरिएको भए पनि शुक्रबार भोटेकोशी नदीको जल सतह नबढेको उद्धारमा संलग्न स्थानीय सुरक्षाकर्मीले जानकारी दिएका छन् । *रासस*


## कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०७३/०९/२५ गते **क्युबिक ईन्जिनियरिङ् सोलुसन प्रा.लि.** को नामबाट दर्ता भएको प्रा.लि.नं. १६१५११ कम्पनीको मिति २०८३/०५/०४ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : तिर्थ राज कठायत (इजाजत पत्र.नं. ६३१)**
बबरमहल, काठमाडौं । सम्पर्क: ९८४००५३८७४

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०५/१३ गते**

यस कम्पनीको मिति २०८३/०५/०२ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सेन्चुरी पेन्ट्स इण्डष्ट्रिज प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०५/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **निप्पोन जापानीज पेन्ट्स प्रा.लि. (प्रा.लि.नं. ३६९०९१)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०५/१३**

यस कम्पनीको मिति २०८३/०४/१२ को साधारण सभा र विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी **रैतारानी एग्रो प्रोडक्सन** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०४/१४ गतेको निर्णयानुसार नाम परिवर्तन गरी **हरियाली एग्रो प्रोडक्सन** (प्रा.लि.नं. ९०८२०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कर्मचारी नरहेको सम्बन्धी सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Global Rising Placement Pvt. Ltd.** (इजाजत नम्बर: १६१६/०७८/०७९) मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्नु/नगराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै निजहरूसँग सम्बन्धित कुनै पनि बैदेशिक रोजगार सम्बन्धी कारोबार वा लेनवदेनबाट यस प्रा.लि. जिम्मेवार हुने छैन । यदि कसैको कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि.वा सम्बन्धित वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| क्र.सं. | नाम | नागरिकता नं. |
|---|---|---|
| १ | प्रकाश कुमार सिं | ०५-०२-७२-००१४४ |
| २ | साजन राई | २०१०/५२९ |
| ३ | सोम कुमार दुलाल | ०३-०१-७४-०२०४९ |
| ४ | स्वस्ती भुजेल | २२-०१-७४-०३४५८ |
| ५ | मारिशा बस्याल | ४०-०१-७५-०१७५० |

License No: 1616/078/079

**Global Rising Placement Pvt. Ltd.**
Pingalasthan-09, Kathmandu, Tel: 01-5915317/ 5917318
Email: info@globalrisingplacement.com, Website: www.globalrisingplacement.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३१८५०० | प्रति तोला – ० | प्रति तोला – ४९६५ |



**धौलागिरी हिमाल** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ खोप्राबाट बिहीबार बिहान देखिएको धौलागिरि हिमाल । समुद्री सतहदेखि तीन हजार ६६० मिटर उचाइमा रहेको खोप्राबाट मनमोहक दृष्य अवलोकन गर्न सकिन्छ । *तस्बिरः सन्तोष गौतम/रासस*

## बाढीग्रस्त क्षेत्रमा विद्युत् आपूर्ति नियमित हुँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले भोटेकोशी नदीमा आएको बाढीका कारण देशमा ठूलो जनधनको क्षति भए पनि नेपाल विद्युत् प्राधिकरणका कर्मचारीको सक्रियताका कारण विद्युत् सेवा नियमित राख्न सफल भएको बताएका छन् ।

उनले केही सहकर्मी सम्पर्कविहीन रहेको अवस्थामा समेत प्राधिकरणका कर्मचारीले निरन्तर काम गरेर विद्युत् सेवा सञ्चालनमा राखेको जानकारी दिए । कुल विद्युत् उत्पादन क्षमताको करिब १० प्रतिशत विद्युत् प्रणालीबाट बाहिरिए पनि प्राधिकरणले आपूर्ति व्यवस्थापनलाई सन्तुलित राख्न सफल भएको उनको भनाइ छ । मन्त्री श्रेष्ठले बिहीबार साँझ स्युचाटारस्थित लोड डिस्प्याच सेन्टर (एलडीसी) पुगेर विद्युत् आपूर्ति व्यवस्थापनबारे जानकारी लिएका थिए । उक्त क्रममा उनले बाढी प्रभावित नुवाकोटका अधिकांश क्षेत्रमा विद्युत् सेवा पुनःसञ्चालन भएको बताए । यस्तै, रसुवामा पनि सेवा पुनःस्थापनाको प्रयास भइरहेको जानकारी दिए ।

'अहिलेसम्म विद्युत् प्रणालीलाई सन्तुलित राख्न सफल भएका छौं । ठूलो क्षतिका कारण आगामी दिनमा थप चुनौती आउन सक्ने भएकाले आवश्यक तयारी र व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखिएको छ', मन्त्री श्रेष्ठले भने । प्राधिकरणका अनुसार बुधबार साँझ विद्युत्को उच्चतम माग दुई हजार ९३९ मेगावाट रहेकामा बिहीबार साँझ दुई हजार ८९१ मेगावाटमात्रै रहेको थियो । त्यसमध्ये काठमाडौं उपत्यकाको माग बिहीबार ५७८ मेगावाट र बुधबार ५९० मेगावाट रहेको थियो ।

प्राधिकरणका अनुसार बुधबार ६२ मेगावाट र बिहीबार दुई मेगावाटमात्र विद्युत् आयात गरिएको थियो । मन्त्री श्रेष्ठले उद्धार तथा विद्युत् पुनःस्थापनामा खटिएका प्राधिकरणका उच्च व्यवस्थापन, कर्मचारी तथा प्राविधिक टोलीलाई धन्यवाद दिए । उनका अनुसार प्राधिकरणले वैकल्पिक स्रोतबाट नुवाकोटमा करिब सात मेगावाट विद्युत् आपूर्ति गरिरहेको छ । चपलीबाट दुई मेगावाट, इन्द्रावतीबाट एक मेगावाट, तादी जलविद्युत् केन्द्रबाट दुई मेगावाट र बालाजु-त्रिशूली प्रणालीबाट थप दुई मेगावाट विद्युत् पठाइएको छ ।

## चेम्बरद्वारा १७ वटा 'सर्भिलेन्स ड्रोन' हस्तान्तरण

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल चेम्बर अफ कमर्सले विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुर्‍याउने उद्देश्यले प्रहरी प्रधान कार्यालयलाई १७ वटा सर्भिलेन्स ड्रोन (निगरानी गर्ने ड्रोन) हस्तान्तरण गरेको छ । शुक्रबार प्रहरी प्रधान कार्यालय पुगी चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष एवं विपद् व्यवस्थापन परिषद्का सभापति दीपककुमार मल्होत्राले नेपाल प्रहरीलाई उक्त ड्रोन हस्तान्तरण गरे ।

ड्रोन हस्तान्तरण कार्यक्रममा प्रहरी महानिरीक्षक दानबहादुर कार्की, नेपाल चेम्बर अफ कमर्सका महानिर्देशक देवेन्द्र लामिछाने तथा वरिष्ठ प्रहरी उपरीक्षक दामोदर कँडेलको उपस्थिति थियो । महानिर्देशक देवेन्द्र लामिछाने विपद्का कारण प्रभावित क्षेत्रमा खोज तथा उद्धार कार्यलाई थप प्रभावकारी, तीव्र र प्रविधिमैत्री बनाउन यी ड्रोनले महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको बताए । उनले कठिन भौगोलिक अवस्था तथा जोखिमयुक्त क्षेत्रमा मानिसको पहुँच सीमित हुने भएकाले ड्रोनमार्फत प्रभावित क्षेत्रको निगरानी, अवस्थाको पहिचान तथा उद्धारकार्यको समन्वयमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

उद्धार कार्यलाई थप प्रभावकारी बनाउन चेम्बरले यसअघि ५० किलो क्षमताको एकसहित दुईवटा ड्रोन विदुर नगरपालिकामा पठाइसकेको छ । त्यसैगरी, प्रभावित क्षेत्रमा सञ्चार तथा अत्यावश्यक विद्युतीय उपकरण सञ्चालनमा सहयोग पुग्ने उद्देश्यले चेम्बरले १२५ वटा पावर बैंकसमेत उपलब्ध गराइएको जनाएको छ ।

चेम्बरले विपद् प्रभावित नागरिकका लागि राहत सङ्कलन तथा वितरण अभियानसमेत अघि बढाएको छ । रसुवा, नुवाकोट तथा धादिङलगायत प्रभावित जिल्लामा भदौ ११ गते तत्कालै नगद तथा जिन्सी सहयोग उपलब्ध गराएको चेम्बरले राहत अभियानलाई अगाडि बढाउँदै सहयोगलाई निरन्तरता दिने जनाएको छ ।

## एनसेलको बाढी प्रभावित क्षेत्रमा निःशुल्क भ्वाइस डेटा र एसएमएस सेवा अवधि सात दिन थप

**काठमाडौं (प्रस) –** एनसेलले बाढी प्रभावित क्षेत्रमा सञ्चार, खोज, उद्धार तथा राहत वितरण सहज होस् भन्ने उद्देश्यले उपलब्ध गराउँदै आएको निःशुल्क भ्वाइस, डेटा र एसएमएस सेवाको अवधि भोलि शनिबारबाट लागु हुने गरी थप सात दिन बढाएको छ । यससँगै अब प्रभावित क्षेत्रमा थप एक हप्ता कम्पनीका यी सेवाहरू निःशुल्क उपलब्ध हुनेछन् ।

यसअघि बुधबार एनसेलले रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित क्षेत्रमा तीन दिनसम्म निःशुल्क डेटा, अन नेट भ्वाइस र १०० वटा निःशुल्क एसएमएस उपलब्ध गराउने घोषणा गरेको थियो र सोही अनुसार सेवा दिदै आएको थियो । विपद्को समयमा सञ्चार सेवाले सूचना आदानप्रदान, आपसी समन्वय तथा उद्धार र

Ncell

राहत वितरणका पहललाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्छ । प्रभावित समुदायका सर्बसाधारणलाई परिवार, आफन्त तथा उद्धार र राहतमा संलग्न टोलीसँग सम्पर्कमा रहन सजिलो बनाउँदै कम्पनीले उक्त निःशुल्क सेवा अवधि थप गरेको जनाएको छ ।

'हाम्रो यो योगदानले प्रभावित समुदायलाई यो विपद्का बेलामा आफ्ना परिवार तथा आफन्तसँग सम्पर्कमा रहन र उद्धार तथा राहत कार्यमा खटिएका टोलीलाई आवश्यक समन्वय गर्न सहज हुने विश्वास लिएका छौं। यस कठिन समयमा आ-आफ्नो तर्फबाट सक्दो सहयोग गर्नु हामी सबैको जिम्मेवारी हो,' एनसेलका चीफ कन्जुमर बिजनेस अफिसर उपांग दत्ताले भने ।

### १८ वटा टावर पुनःसंचालनमा

एनसेलले विपद्का समयमा सञ्चार सेवा निरन्तर कायम राख्न तथा आपतकालीन खोज, उद्धार र राहतका कार्यमा सहयोग पुर्‍याउँदै आएको छ । कम्पनीले बाढीका कारण प्रभावित क्षेत्रमा अवरुद्ध भएका आफ्ना १८ वटा मोबाइल टावर पुनः सञ्चालनमा ल्याएको छ भने अन्य ९ प्रभावित टावरहरूको पुनःसंचालनको लागि कार्यसमेत गरिरहेको छ । यसैगरी, एनसेलले खोज, उद्धार, राहत तथा पुनःस्थापना कार्यमा योगदान पुर्‍याउने उद्देश्यले बिहीबार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एनसेल फाउन्डेसनमार्फत रु. १ करोड सहयोग गरेको थियो ।

## इप्पानले पाँच करोड सहयोग गर्ने

**काठमाडौं (प्रस)–** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु पाँच करोड पाँच लाख ५० हजार सहयोग गर्ने निर्णय गरेको छ ।

इप्पानको बिहीबारको बैठकले भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकप्रति श्रद्धाञ्जली तथा समवेदना व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

बैठकले बाढीका कारण सञ्चालनमा रहेका तथा निर्माणाधीन विद्युत् आयोजनामा भएको क्षतिप्रति दुःख व्यक्त गर्दै आयोजनाको पुनर्निर्माण तथा पुनःस्थापनामा सरकारसँग समन्वय गरी आवश्यक सहयोग गर्ने निर्णय गरेको छ ।

इप्पानका अध्यक्ष मोहनकुमार डाँगीले ऊर्जा क्षेत्र नेपालको समृद्धिसँगै नेपाली जनताको सुखदुःखसँग पनि जोडिएको बताउँदै विपद्को समयमा सदस्य कम्पनीहरू एकजुट भएर सहयोग गर्नुपर्नेमा जोड दिए । उनका अनुसार इप्पानसम्बद्ध जलविद्युत् कम्पनीका तर्फबाट प्रदान गरिने सहयोगको चेक उपयुक्त समयमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको उपस्थितिमा हस्तान्तरण गरिनेछ ।

बाढीबाट प्रभावित क्षेत्र

## नेपाल टेलिकमका ८० वटा 'साइट' पुनः सञ्चालनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित रसुवा, नुवाकोट र धादिङ जिल्लाका दूरसञ्चार सेवा पुनः सञ्चालन गर्न नेपाल टेलिकमले प्राविधिक जनशक्ति तथा आवश्यक उपकरण परिचालनलाई तीव्रता दिएको छ । बाढीका कारण प्रभावित भएका तीन जिल्लाका १२० साइटमध्ये हालसम्म ८० वटाको सेवा पुनःसञ्चालनमा आएको टेलिकमले जनाएको छ ।

टेलिकमका प्रवक्ता डा. कमल लामिछानेका अनुसार बाढी प्रभावित क्षेत्रमा अवरुद्ध मोबाइल सेवा तत्काल सञ्चालनमा ल्याउन हेलिकप्टर प्रयोग गरी प्राविधिक कर्मचारी र आवश्यक उपकरण परिचालन गरिएको छ । भदौ ११ गते हेलिकप्टरमार्फत कर्मचारी परिचालन गरी गोसाइँकुण्ड गाउँपालिका-६ स्थित रसुवा सदरमुकाम धुन्चेको मोबाइल स्टेसन सञ्चालनमा ल्याइएको उनले बताए ।

शुक्रबार बिहानैदेखि नेपाल टेलिकमका प्राविधिक कर्मचारी रसुवा, नुवाकोट र धादिङका बाढी प्रभावित क्षेत्रमा सेवा सञ्चालन हुन बाँकी रहेका स्थानमा खटिएका छन् । यसका साथै सञ्चालनमा आइसकेका टावरलाई थप भरपर्दो बनाउन आवश्यक प्राविधिक कामसमेत भइरहेको प्रवक्ता लामिछानेले जानकारी दिए ।

यस क्रममा रसुवाको गोसाइँकुण्ड गाउँपालिका-५ स्थित गोल्जुङ टावर (बाहुनडाँडा) सञ्चालनमा ल्याइएको छ । उक्त टावर सञ्चालनमा आएपछि स्याफ्रुबेँसी, पार्वतीकुण्ड गाउँपालिका-४ र ५ तथा गोसाइँकुण्ड गाउँपालिका-३ र ५ का केही क्षेत्रमा मोबाइल सेवा पुनःसञ्चालन भएको छ ।

स्याफ्रुबेँसी-टिमुरे राजमार्गका केही भागमा दूरसञ्चार सेवा पुनः सञ्चालन भएको टेलिकमले जनाएको छ । नुवाकोटको सूर्यगढी गाउँपालिका-३ स्थित गेर्खु मोबाइल टावर सञ्चालनमा आएपछि विदुर नगरपालिका-१० र ११ तथा सूर्यगढी गाउँपालिका-४ का केही भागमा दूरसञ्चार सेवा पुनःसञ्चालन भएको छ । कम्पनीका अनुसार विदुर -८ स्थित तुप्चे टावर तथा गोसाइँकुण्ड गाउँपालिका-२, टिमुरे माथिको डाँडामा रहेको टेलिकम टावरमा हेलिकप्टरमार्फत जेनेरेटर, पेट्रोल तथा प्राविधिक कर्मचारी परिचालन गरी सेवा सञ्चालन गर्ने काम भइरहेको छ ।

बाढीपछि भदौ १० गतेदेखि नेपाल टेलिकमका प्राविधिक कर्मचारी रसुवा जिल्लाका न्यौपानेचौर, राम्चे, गोल्जुङ र धुन्चे स्टेशनमा निरन्तर खटिएका छन् । उनीहरूले बाढी प्रभावित क्षेत्रमा अवरुद्ध सेवा पुनः सञ्चालन तथा सञ्चालनमा रहेका सेवाको निरन्तरताका लागि आवश्यक प्राविधिक काम गरिरहेका छन् ।

## कर्पोरेट

### मुक्तिनाथ विकास बैंकले बाढीपीडितलाई ५० लाख सहयोग



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंकले भोटेकोशी बाढी पीडितका लागि ५० लाख रूपैयाँ सहयोग प्रदान गरेको छ । बैंकले प्रकृतिले ल्याएको यो विनाशकारी बाढीको कारणले प्रभावित नागरिकहरूको राहत, उद्धार तथा पुनर्स्थापनामा सहयोग पुर्‍याउने उद्देश्यले बैंकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. ५० लाख (पचास लाख रूपैयाँ) सहयोग प्रदान गरेको जनाएको हो ।

बैंकले उक्त भीषण बाढीले टिमुरे, स्याफ्रुबेशी, बेत्रावती, त्रिशुली, देवीघाट लगायतका स्थानहरूमा अकल्पनिय र अत्याधिक मात्रामा जनधन गुमाउनु परेको र उक्त बाढीले रसुवा, नुवाकोट, धादिङ र चितवन जिल्लाको नदी तटिय क्षेत्रलाई प्रत्यक्ष र सो क्षेत्रमा विभिन्न उद्देश्यले रहेका देशविदेशका नागरिकहरूलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जनधनको क्षति भएकोले समग्र बैंक परिवार मर्माहत भएको छ । यस विपत्तिको घडिमा जीवन गुमाएका सम्पूर्ण महानुभावहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, शोक सन्तप्त सम्पूर्ण परिवारमा गहिरो समवेदना व्यक्त गर्दछौं । देशको विभिन्न क्षेत्रमा बाढीका कारण जनधनको क्षति हुनुका साथै ठूलो संख्यामा नागरिक प्रभावित भएको यस कठिन परिस्थितिमा पीडित परिवारको राहत तथा उद्धार कार्यमा सहयोग पुर्‍याउनु बैंकको पनि सामाजिक उत्तरदायित्व हो ।

विपद्को यस घडीमा प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाउँदै बैंकले प्रदान गरेको सहयोगले राहत तथा उद्धार कार्यमा केही हदसम्म योगदान पुग्ने विश्वास लिएको छ । बैंकले आगामी दिनमा पनि विपद् प्रभावित नागरिकको सहयोग तथा समुदायको हितमा आवश्यक सहकार्य र सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गरेको छ ।

### रसुवा बाढीपीडितका लागि किसान सहकारीद्वारा सात लाख ५१ हजार सहयोग

**कैलाली (प्रस)–** रसुवा जिल्लामा भोटेकोशी नदीमा आएको भीषण बाढी तथा प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकहरूको खोज, उद्धार, तत्काल राहत एवं दीर्घकालीन पुनर्स्थापनाका लागि कैलालीको लम्कीचुहास्थित किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले रु. ७ लाख ५१ हजार (सात लाख एकाउन्न हजार) आर्थिक सहयोग गरेको छ । संस्थाका सञ्चालक, कर्मचारीहरू तथा संस्थाको तर्फबाट

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.

संकलित उक्त सहयोग रकम 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' को नाममा चेक मार्फत जम्मा गरिएको संस्थाका अध्यक्ष सुरेन्द्र कुमार शाह र महाप्रबन्धक डम्बर बहादुर शाहद्वारा जारी अपिल नोट मार्फत जानकारी गराइएको छ ।

उक्त अपिलमा मिति २०८३ भदौ १० गते आएको विनाशकारी विपत्तिमा ज्यान गुमाएका नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरिएको छ । साथै, विपद्मा बेपत्ता भएका आफ्ना प्रियजनको खोजी तथा खबरको प्रतीक्षामा रहेका परिवारजनको पीडा, चिन्ता र दुःखप्रति किसान सहकारी परिवारले गहिरो ऐक्यबद्धता प्रकट गरेको छ ।

विषम राष्ट्रिय परिस्थिति र संकटको यस घडीमा प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा थप सहयोग पुर्‍याउन संस्थाले सबैमा आह्वानसमेत गरेको छ । अपिल नोट मार्फत आफ्नो क्षमता र इच्छानुसार 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' मा आर्थिक सहयोग उपलब्ध गराई मानवीय सेवामा हातेमालो गर्न सम्पूर्णमा अनुरोध गरेको छ ।

सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं

- सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपांगता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं ।

अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ